विधेयक संख्याः

# खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार, काठमाडौं ।

## सैद्धान्तिक अवधारणा

नेपालको संविधानले खानी तथा खनिज पदार्थ सम्बन्धी विषयमा संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको बाँडफाँट गरेको छ। प्रचलित खानी तथा खनिज पदार्थ ऐन, २०४२ संघीय शासन प्रणाली कार्यान्वयनपूर्वको कानून भएकाले वर्तमान संवैधानिक व्यवस्था, संघीय संरचना, आधुनिक खनिज प्रशासन, वातावरणीय उत्तरदायित्व, रणनीतिक खनिज व्यवस्थापन तथा लगानी प्रवर्द्धनका आवश्यकतालाई समेट्न अपर्याप्त देखिएको छ।

खनिज र खनिज क्षेत्रको वैज्ञानिक व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण, अन्वेषण तथा उत्खनन प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र सहज बनाउन, रणनीतिक, सामरीक तथा रेडियोधर्मी खनिज पदार्थको नियमन गर्न, भौगर्भिक अनुसन्धान तथा भूकम्पमापन कार्यलाई कानूनी आधार प्रदान गर्न तथा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अधिकार क्षेत्र स्पष्ट गर्ने उद्देश्यले खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न खानी तथा खनिज पदार्थ विधेयक, २०८३ तर्जुमा गरिएको हो।

यस विधेयकको मूल अवधारणा देहाय बमोजिम रहेको छः-

१. नेपालको खानी तथा खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति भएकाले यसको वैज्ञानिक, दिगो र व्यवस्थित उपयोग गर्ने,
२. संघीय शासन प्रणाली अनुरूप संघ, प्रदेश तथा स्थानीय तहको भूमिका, समन्वय र अधिकार स्पष्ट गर्ने,
३. खनिज पदार्थको संरक्षण, अन्वेषण तथा उत्खनन प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र सहज बनाउने,
४. रणनीतिक, सामरिक तथा रेडियोधर्मी खनिज पदार्थको विशेष संरक्षण तथा नियमन गर्ने,
५. वातावरणीय संरक्षणको अवधारणा अवलम्बन गर्दै खनिजको उपयोग गर्ने, भू-प्रकोप न्यूनीकरण गर्ने,
६. खनिज क्षेत्रमा निजी तथा वैदेशिक लगानी आकर्षित गर्न स्पष्ट कानूनी आधार तयार गर्ने,
७. भौगर्भिक अनुसन्धान, भूकम्प मापन तथा वैज्ञानिक अध्ययनलाई सुदृढ गर्ने,
८. गैरकानूनी उत्खनन तथा अवैध कारोबार नियन्त्रण गर्न प्रभावकारी कारबाही तथा सजायको व्यवस्था गर्ने।

## उद्देश्य र कारण

संघीय शासन प्रणाली अनुरूप खानी तथा खनिज पदार्थ सम्बन्धी अधिकार तथा जिम्मेवारी स्पष्ट गर्न, खानी तथा खनिज पदार्थको संरक्षण, अन्वेषण तथा उत्खनन कार्यलाई व्यवस्थित, वैज्ञानिक तथा दिगो बनाउन, साधारण निर्माणमुखी खनिज, रणनीतिक तथा सामरिक महत्वका खनिज तथा रेडियोधर्मी खनिज पदार्थ सम्बन्धी विशेष व्यवस्था गर्न, खनिज, खनिज क्षेत्रको वैज्ञानिक नक्साङ्कन, भौगर्भिक सर्वेक्षण तथा भूकम्प मापन सम्बन्धी कार्यलाई कानूनी आधार प्रदान गर्न, खनिज क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गरी उद्योग तथा पूर्वाधार विकासमा सहयोग पुऱ्याउन, खनिज कार्यमा पारदर्शिता, जवाफदेहिता तथा नियमनलाई प्रभावकारी बनाउन तथा गैरकानूनी खनिज कार्य, अवैध उत्खनन एवं राजस्व चुहावट नियन्त्रण गर्न विद्यमान खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन, एकीकरण तथा समयानुकूल बनाउन आवश्यक भएकोले प्रस्तुत विधेयक पेस गरिएको हो।

.......................................

गौरी कुमारी.

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

**आर्थिक टिप्पणी**

राष्ट्रिय अर्थतन्त्रमा खनिज तथा भौगर्भिक क्षेत्रको  क्षेत्रको योगदान बढाई देशको आर्थिक विकासमा सहयोग पुर्‍याउन, खनिज पदार्थको प्रशासन सुदृढीकरण, रणनीतिक, सामरिक तथा रेडियोधर्मी खनिज पदार्थको संरक्षण, व्यवस्थापन तथा सुरक्षा व्यबस्थापन गर्न विद्गमान सम्बन्धी "खानी तथा खनिज पदार्थ ऐन, २०४२" लाई समयानुकूल संशोधन तथा एकीकरण गर्ने गरी तयार पारिएको " खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" संघीय संसद समक्ष पेस गरेको छु।

रोयल्टी, दस्तुर, भू—बहाल, सेवा शुल्क तथा खनिज उद्योग विस्तारमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको राजस्वमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरेको छु। खनिज कार्य तथा भौगर्भिक कार्यहरुको कार्यान्वयनको जिम्मेवारी नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट सम्पादन हुँदै आएकोले वार्षिक बजेटमा नियमित र स्वभाविक रुपमा हुने बढोत्तरी बाहेक नेपाल सरकारलाई अतिरिक्त आर्थिक दायित्व पर्ने छैन।

.......................................

गौरी कुमारी

मन्त्री

उद्योग, वाणिज्य तथा आपूर्ति

**खानी तथा खनिज पदार्थसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा प्रस्ताव भएको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | ५ को उपदफा (५) | खानी तथा खनिज पदार्थको उत्खनन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | अनुमतिपत्रको लागि दिनुपर्ने निवेदनको ढाँचा, पेश गर्नुपर्ने कागजात र उत्खनन् कार्ययोजना स्वीकृति गर्नेसम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | उत्खनन् कार्यको लागि आवश्यक पर्ने अन्य कागजात तथा विवरणको सम्बन्धमा स्पष्टता हुने। |
| २. | ६ को उपदफा (३) | खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | खनिजको प्रकृति र महत्वको आधारमा खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धमा गर्नुपर्ने कार्यहरु नियमावलीमा तोकिने। | खनिज पदार्थको संरक्षण सम्बन्धमा गर्नुपर्ने कार्यहरुको बारेमा स्पष्टता हुने। |
| ३. | १२ को उपदफा (४) | अन्वेषण अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल, अनुमतिपत्र लिन चाहने कम्पनीको प्राविधिक तथा आर्थिक योग्यता, अन्वेषणको अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सुविधा, सहुलियत तथा अधिकतम अन्वेषण अनुमतिपत्रको संख्या सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | अन्वेषण अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल, अनुमतिपत्र लिन चाहने कम्पनीको प्राविधिक तथा आर्थिक योग्यता, अन्वेषणको अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सुविधा, सहुलियत तथा अधिकतम अन्वेषण अनुमतिपत्रको संख्या नियमावलीमा तोकिने। | अन्वेषण अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल, अनुमतिपत्र लिन चाहने कम्पनीको प्राविधिक तथा आर्थिक योग्यता, अन्वेषणको अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सुविधा, सहुलियत तथा अधिकतम अन्वेषण अनुमतिपत्रको संख्या नियमावलीमा तोकिई व्यवस्थित हुने। |
| ४. | १४ को उपदफा (६) | उत्खनन अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल तथा अनुमति प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सेवा तथा सहुलियत | उत्खनन अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल तथा अनुमति प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सेवा तथा सहुलियत | अनुमतिपत्रको ढाँचा, आकार, क्षेत्रफल तथा अनुमति प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सेवा तथा सहुलियत सम्बन्धमा स्पष्टता हुने। |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। | सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने। | |
| ५. | १६ को उपदफा (१) | विभागले अन्वेषण गरी पत्ता लगाएको खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि तोकिएबमोजिम प्राविधिक तथा आर्थिक रूपमा योग्य कम्पनीहरू मध्ये सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी अन्वेषण अनुमतिपत्र जारी गर्न सक्नेछ। | विभागले अन्वेषण गरी पत्ता लगाएको खानी तथा खनिज पदार्थको अनुमति प्रदान गर्ने प्रयोजनका लागि मूल्य निर्धारण, प्रस्तावकको प्राविधिक तथा आर्थिक योग्यता, छनौटका आधार, प्रक्रिया र सम्झौता सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | विभागले अन्वेषण गरी पत्ता लगाएको खनिज पदार्थको उत्खनन् कार्यका लागि अनुमतिपत्र प्रदान गर्नका लागि आवश्यक प्राविधिक तथा आर्थिक योग्यता र छनौटको प्रक्रिया सम्बन्धमा स्पष्टता हुने। |
| ६. | १६ को उपदफा (३) | उपदफा (१) बमोजिम हुने खनिज कार्य सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | सम्झौतामा हुनुपर्ने कुराहरु, अनुमतिपत्रको ढाँचा, सम्झौताका पक्षहरुको कार्य र दायित्व सम्बन्धमा नियमावलीमा तोकिने। | सम्झौताको ढाँचा, यसमा हुनुपर्ने कुराहरु र सम्झौताका पक्षहरुको दायित्व सम्बन्धमा स्पष्टता हुने। |
| ७. | १७ को उपदफा (४) | अनुमतिपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नविकरण निवेदनको ढाँचा, संलग्न हुनुपर्ने कागजातहरु र प्रतिवेदन सम्बन्धमा नियमावलीमा तोकिने। | नवीकरणका लागि आवश्यक कागजात र प्रतिवेदन सम्बन्धी व्यवस्थामा स्पष्टता आउने। |
| ८. | २७ को उपदफा (२) | निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। | प्रचलित कानून बमोजिम खनिज कार्य भए/नभएको सम्बन्धमा खटिने निरीक्षकको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | निरीक्षकले निरीक्षणका क्रममा गर्नुपर्ने कार्य, अपनाउनुपर्ने पद्दति र अन्तरनिकाय समन्वय सम्बन्धमा स्पष्ट हुने। |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| ९. | २९ को उपदफा (५) | अनुमतिपत्र प्राप्त कम्पनीले यस दफाबमोजिम दिने जानकारी वा पेस गर्ने प्रतिवेदनको ढाँचा तोकिएबमोजिम हुनेछ। | खनिज कार्यको अनुमतिपत्र प्राप्त कम्पनीले अन्वेषण वा उत्खनन् कार्य शुरु गरेको जानकारी वा प्रतिवेदनको ढाँचा नियमावलीमा तोकिने। | खनिज कार्यको अनुमतिपत्र प्राप्त कम्पनीले खनिज कार्य शुरु गरेको जानकारी वा प्रतिवेदनको ढाँचा एकरुपको हुने। |
| १०. | ३३ को उपदफा (४) | भौगर्भिक सर्वेक्षण, खनिज सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान सम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुनेछ। | भौगर्भिक सर्वेक्षण, खनिज सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान कार्य संचालन पद्दति, आवश्यक पर्ने जनशक्ति, संकलन हुने तथ्याङ्कको प्रकृति, व्यवस्थापन, प्रतिवेदनसम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | भौगर्भिक सर्वेक्षण, खनिज सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान कार्य संचालन पद्दति, आवश्यक पर्ने जनशक्ति आदिको स्पष्ट व्यवस्था भई कार्यसंचालनमा प्रभावकारीता वृद्दि हुने। |
| ११. | ३४ को उपदफा (३) | उपदफा (१) बमोजिमको भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण सम्बन्धी प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। | भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण सम्बन्धी प्रयोगशालाको काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण सम्बन्धी प्रयोगशालाको काम, कर्तव्य र अधिकारमा स्पष्टता आउने। |
| १२. | ३४ को उपदफा (४) | उपदफा (२) बमोजिमको सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | सेवाग्राहीलाई भौगर्भिक सर्वेक्षण तथा खनिज परीक्षण सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क सम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | भौगर्भिक सर्वेक्षण तथा खनिज परीक्षण सेवाको प्रकृति र लाग्ने सेवा शुल्क पारदर्शी हुने। |
| १३. | ४७ को उपदफा (४) | अनुमतिपत्रको नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | नामसारी गरिलिने र दिने कम्पनीले दिनुपर्ने निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजातहरु, प्राविधिक तथा आर्थिक योग्यतासम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | नामसारीका लागि आवश्यक कागजात, प्राविधिक तथा आर्थिक योग्यतासम्बन्धी स्पष्ट व्यवस्था हुने। |

| सि. नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १४. | ४८ को उपदफा (२) | अनुगमन सम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुनेछ। | कानूनबमोजिम खनिज कार्य भए वा नभएको सम्बन्धमा अनुमतिपत्र जारी गर्ने निकायलेगर्ने वा गराउने अनुगमनसम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | प्रचलित कानून र अनुमतिपत्र जारी हुँदा तोकिएका शर्त बमोजिम खनिज कार्य भए/नभएको सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक कारवाही हुने । |
| १५. | ५२ को उपदफा (४) | रोयल्टी र स्थानीय खनिज उपयोग शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | रोयल्टी र स्थानीय खनिज उपयोग शुल्क बुझाउने समय, विवरण बुझाउने ढाँचा, विलम्ब शुल्कसम्बन्धी व्यवस्था नियमावलीमा तोकिने। | शुल्क बुझाउने समय, विवरण बुझाउने ढाँचा, विलम्ब शुल्कसम्बन्धी व्यवस्थामा स्पष्टता आउने। |
| १६. | ५६ को उपदफा (२) | उपदफा (१) बमोजिम नेपाल सरकारले खनिज कार्य गर्ने अनुमतिपत्र रद्द गर्दा अनुमतिपत्र प्राप्त कम्पनीलाई पर्न गएको प्रत्यक्ष हानिनोक्सानीको तोकिएबमोजिमको समितिबाट मूल्याङ्कन गराई क्षतिपूर्ति दिनु पर्नेछ। | राष्ट्रिय सुरक्षा वा राष्ट्रिय हितको लागि<br>नेपाल सरकारले खनिज कार्य गर्ने अनुमतिपत्र रद्द गरेमा अनुमतिपत्र प्राप्त कम्पनीलाई पर्न गएको हानिनोक्सानीको क्षतिपूर्ति मूल्याङ्कन गर्ने समितिको व्यवस्था नियमावलीमा हुने। | नेपाल सरकारले खनिज कार्य गर्ने अनुमतिपत्र रद्द गरेमा अनुमतिपत्र प्राप्त कम्पनीलाई पर्न गएको हानिनोक्सानीको क्षतिपूर्ति मुल्याङ्कन गर्न सहज हुने। |
| १७. | ५७ को उपदफा (४) | रोक्का राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | भौगर्भिक अध्ययन वा खनिज अन्वेषण कार्यका लागि कुनै क्षेत्र रोक्का राख्ने , पुनरावलकोन गर्ने र फुकुवा गर्ने प्रक्रियाको व्यवस्था नियमावलीमा हुने। | कुनै क्षेत्र रोक्का राख्ने, पुनरावलोकन गर्ने र फुकुवा गर्ने प्रक्रियामा स्पष्टता आउने। |

**खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको दफाबार व्याख्यात्मक टिप्पणी**

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | विधेयकको नाम र प्रारम्भ हुने मिति सम्बन्धी व्यवस्था गरिएको। |
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका प्राविधिक तथा कानूनी शब्दहरूको परिभाषा गरिएको। |
| ३ | सरकारी सम्पत्ती हुने | खानी तथा खनिज पदार्थको स्वामित्व नेपाल सरकारमा रहने व्यवस्था गरिएको। |
| ४ | अन्वेषण गर्ने अधिकार | खानी तथा खनिज पदार्थको अन्वेषण गर्ने अधिकार प्रदेश कानून बमोजिम हुने र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खनिज पदार्थको अन्वेषण सम्बन्धी कार्य विभाग मार्फत गर्न सक्ने व्यबस्था गरिएको। |
| ५ | उत्खनन गर्ने अधिकार | खनिज पदार्थको उत्खनन गर्ने अधिकार नेपाल सरकारको हुने, विभाग आफैंले वा कम्पनीलाई अनुमति प्रदान गरी खनिज पदार्थको उत्खनन गर्न वा गराउन सक्ने, र नेपाल सरकारले तोकेको खनिज पदार्थको उत्खनन प्रदेश सरकार तथा स्थानीय तहले गर्न सक्ने व्यबस्था गरिएको। |
| ६ | खानी तथा खनिज पदार्थको संरक्षण | खनिज पदार्थको संरक्षण स्थानीय तहबाट हुने तथा नेपाल सरकारले तोकेको खनिजको संरक्षण नेपाल सरकारले गर्न सक्ने व्यवस्था गरिएको। |
| ७ | रणनीतिक वा सामरिक महत्त्वको खनिज कार्य | रणनीतिक वा सामरिक महत्त्वका खनिज पदार्थ घोषणा तथा सो को खनिज कार्य सम्बन्धी व्यवस्था गरिएको। |
| ८ | खनिज क्षेत्र घोषणा | खनिज क्षेत्र घोषणा गर्ने तथा आवश्यक जग्गा प्राप्त गर्न सकिने व्यवस्था गरिएको। |
| ९ | खनिज पदार्थको वर्गीकरण | अनुसूची—१ बमोजिम खनिज पदार्थको वर्गीकरण गर्ने व्यवस्था गरिएको। |
| १० | खनिज पदार्थको स्तर | खनिज कार्यको स्तर विभाजन अनुसूची—२ बमोजिम तथा अनुमतिपत्र दस्तुर सम्बन्धी व्यवस्था अनुसूची—३ बमोजिम गरिएको। |

| | | |
|---|---|---|
| ११ | अनुमतिपत्र लिनु पर्ने | खनिज पदार्थको अन्वेषण वा उत्खनन गर्न अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको। |
| १२ | अन्वेषण अनुमतिपत्र | अन्वेषण अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया तथा आवश्यक योग्यता सम्बन्धी व्यवस्था गरिएको। |
| १३ | अन्वेषण अनुमतिपत्रको अवधि | अन्वेषण अनुमतिपत्रको अवधि तथा म्याद थप सम्बन्धी व्यवस्था गरिएको। |
| १४ | उत्खनन अनुमतिपत्र | उत्खनन अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया, कार्ययोजना तथा वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था गरिएको। |
| १५ | उत्खनन अनुमतिपत्रको अवधि | उत्खनन अनुमतिपत्रको अवधि तथा स्तर अनुसार म्याद थप सम्बन्धी व्यवस्था गरिएको। |
| १६ | सम्झौता गरी अनुमतिपत्र दिन सक्ने | प्रतिस्पर्धात्मक प्रक्रियाबाट उत्खननका लागि अनुमति दिन सकिने व्यवस्था गरिएको। |
| १७ | अनुमतिपत्रको नवीकरण | अनुमतिपत्र नवीकरण तथा दस्तुर सम्बन्धी व्यवस्था गरिएको। |
| १८ | अनुमतिपत्र रद्द गर्नसक्ने | अनुमतिपत्र रद्द गर्न सकिने अवस्था तथा सुनुवाइको व्यवस्था गरिएको। |
| १९ | खनिज कार्य सञ्चालन | अन्वेषण तथा उत्खनन कार्य निश्चित अवधिभित्र सुरु गर्नुपर्ने व्यवस्था गरिएको। |
| २० | निषेधित क्षेत्र घोषणा गर्न सक्ने | राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितका आधारमा निषेधित क्षेत्र घोषणा गर्न सकिने व्यवस्था गरिएको। |
| २१ | जग्गा प्रयोग गर्ने वा जग्गा प्राप्त गर्न सक्ने | खनिज कार्यका लागि जग्गा प्रयोग, प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरिएको। |
| २२ | छुट्टै अनुमतिपत्र लिनु पर्ने | अन्य खनिज पदार्थ फेला परेमा छुट्टै अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको। |
| २३ | सहउत्पादन वा उपउत्पादन बिक्री | सहउत्पादन वा उपउत्पादन बिक्री गर्न सकिने व्यवस्था गरिएको। |
| २४ | वातावरणमा संरक्षण सम्बन्धी कानूनको पालना गर्नुपर्ने | वातावरणीय कानून पालना तथा वातावरणीय असर न्यूनीकरण सम्बन्धी व्यवस्था गरिएको। |
| २५ | खनिज कार्य रोक्न आदेश दिन सक्ने | जोखिम वा सर्त उल्लङ्घन भएमा खनिज कार्य रोक्न वा बन्द गर्न सकिने व्यवस्था गरिएको। |

| | | |
|---|---|---|
| २६ | रोक लगाउन सक्ने | खनिज पदार्थको निकासी वा बिक्रीमा नेपाल सरकारबाट रोक लगाउन सकिने व्यवस्था गरिएको। |
| २७ | निरीक्षक खटाउन सक्ने | निरीक्षण तथा जाँचबुझका लागि निरीक्षक खटाउन सकिने व्यवस्था गरिएको। |
| २८ | समन्वय गर्नु पर्ने | संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय सम्बन्धी व्यवस्था गरिएको। |
| २९ | जानकारी वा प्रतिवेदन पेश गर्नु पर्ने | जानकारी तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको। |
| ३० | रेडियोधर्मी खनिज पदार्थको खनिज कार्यको अधिकार | रेडियोधर्मी खनिज पदार्थको खनिज कार्य गर्ने अधिकार नेपाल सरकारमा रहने व्यवस्था गरिएको। |
| ३१ | सर्त तथा मापदण्ड तोक्न सक्ने | रेडियोधर्मी खनिज पदार्थ सम्बन्धी सुरक्षा तथा मापदण्ड तोक्न सकिने व्यवस्था गरिएको। |
| ३२ | जानकारी दिनु पर्ने | खनिज कार्य गर्दा रणनितिक वा समारिक महत्वको खनिज वा रेडियोधर्मी खनिज पदार्थ फेला परेमा विभागलाई जानकारी दिनु पर्ने व्यबस्था गरिएको। |
| ३३ | भौगर्भिक सर्वेक्षण, भुकम्पमापन तथा अनुसन्धान | भौगर्भिक सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान सम्बन्धी व्यवस्था गरिएको। |
| ३४ | भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण प्रयोगशाला | भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण प्रयोगशाला स्थापना सम्बन्धी व्यवस्था गरिएको। |
| ३५ | राय परामर्श प्रदान गर्न सक्ने | भौगर्भिक विषयमा विभागले राय परामर्श प्रदान गर्न सकिने व्यवस्था गरिएको। |
| ३६ | पूर्व स्वीकृति लिनु पर्ने | भौगर्भिक वा भूकम्पीय अध्ययनका लागि पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको। |
| ३७ | नमूना परीक्षण गर्न सक्ने | नमूना संकलन तथा विदेशमा परीक्षण गर्न पठाउने व्यवस्था गरिएको। |
| ३८ | जरिबाना गर्न सक्ने | शर्त भन्दा वढी वा उत्खननको गलत विवरण दिएमा जरिबाना सम्बन्धी व्यवस्था गरिएको। |
| ३८ | सफाईको लागी सूचना दिनु पर्ने | जरिबाना गर्नु अघि सम्बन्धित कम्पनीलाई सफाई पेस गर्न सुचना दिने व्यबस्था गरिएको। |

| | | |
|---|---|---|
| ४० | कसूर र सजाय | अनुमतिपत्र बिना खनिज कार्य गरेमा सजाय सम्बन्धी व्यवस्था गरिएको। |
| ४१ | यन्त्र, उपकरण तथा अन्य वस्तु जफत हुने | गैरकानूनी खनिज कार्यमा प्रयोग भएका यन्त्र उपकरण जफत हुने व्यवस्था गरिएको। |
| ४२ | नेपाल सरकार वादी हुने | कसुर र सजाय सम्बनधी बिषयको मुद्दामा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको। |
| ४३ | क्षतिपूर्ति भराउने | खनिज कार्यबाट भएको क्षतिको क्षतिपूर्ति सम्बन्धी व्यवस्था गरिएको। |
| ४४ | पुनरावेदन | विभागको महानिर्देशकको आदेश उपर पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको। |
| ४५ | भौगर्भिक नक्सा प्रकाशन | भौगर्भिक नक्सा प्रकाशन गर्ने अधिकार विभागमा रहने व्यवस्था गरिएको। |
| ४६ | स्वामित्व वा नाम परिवर्तन | कम्पनीको स्वामित्व वा नाम परिवर्तन गर्दा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको। |
| ४७ | नामसारी गर्न सकिने | अनुमतिपत्र नामसारी सम्बन्धी व्यवस्था गरिएको। |
| ४८ | अनुगमन गर्ने | खनिज कार्यको अनुगमन सम्बन्धी व्यवस्था गरिएको। |
| ४९ | अध्ययन गराउन सक्ने | खनिज पदार्थ सम्बन्धी अध्ययन गराउन सकिने व्यवस्था गरिएको। |
| ५० | भू-बहाल बुझाउनु पर्ने | भू—बहाल अनुसूची-५ बमोजिम बुझाउनुपर्ने व्यवस्था गरिएको। |
| ५१ | धरौटी राख्नु पर्ने | धरौटी राख्नुपर्ने व्यवस्था गरिएको। |
| ५२ | रोयल्टी तथा स्थानीय खनिज उपयोग शुल्क बुझाउनु पर्ने | अनुसूची-४ बमोजिम रोयल्टी तथा स्थानीय खनिज उपयोग शुल्क बुझाउनुपर्ने व्यवस्था गरिएको। |
| ५३ | सुरक्षा व्यवस्था गर्ने | खानी तथा खनिज क्षेत्रको सुरक्षा व्यवस्था नेपाल सरकारले मिलाउने व्यवस्था गरिएको। |
| ५४ | विष्फोटक पदार्थ प्रयोग गर्न सक्ने | खनिज कार्यका लागि विष्फोटक पदार्थ प्रयोग गर्न सकिने व्यवस्था गरिएको। |
| ५५ | सञ्चार उपकरण राख्न सक्ने | खनिज कार्यका लागि आवश्यक सञ्चार उपकरण राख्न सकिने व्यवस्था गरिएको। |

| | | |
|---|---|---|
| ५६ | नेपाल सरकारको विशेष अधिकार | राष्ट्रिय सुरक्षा वा हितका लागि नेपाल सरकारले विशेष अधिकार प्रयोग गर्न सकिने व्यवस्था गरिएको। |
| ५७ | रोक्का राख्न सक्ने | भौगर्भिक अध्ययन वा अन्वेषणका लागि विभागले क्षेत्र रोक्का राख्न सकिने व्यवस्था गरिएको। |
| ५८ | विवाद समाधान | विवाद समाधान तथा पुनरावलोकन सम्बन्धी व्यवस्था गरिएको। |
| ५९ | छुट सुविधा र सहुलियतको प्रत्याभूति | छुट, सुविधा तथा सहुलियतको प्रत्याभूति सम्बन्धी व्यवस्था गरिएको। |
| ६० | अनुसूचीमा हेरफेर गर्न सक्ने | नेपाल सरकाले अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था गरिएको। |
| ६१ | नियम बनाउने अधिकार | नेपाल सरकारलाई नियम बनाउने अधिकार प्रदान गरिएको। |
| ६२ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सकिने व्यवस्था गरिएको। |
| ६३ | खारेजी र बचाउ | खानी तथा खनिज पदार्थ ऐन, २०४२ खारेज तथा सो अनुसार भएका काम कारबाही बचाउ सम्बन्धी व्यवस्था गरिएको। |

# खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : भू-वैज्ञानिक अध्ययन, अनुसन्धान र खानी तथा खनिज पदार्थको अन्वेषण तथा उत्खनन कार्यको व्यवस्थापन गर्दै खानीजन्य उद्योगको विकास, प्रबर्धन र नियमन गर्न खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "खानी तथा खनिज पदार्थ ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुमतिपत्र" भन्नाले खनिज कार्य गर्न दफा १२ बमोजिम प्रदान गरिने अन्वेषण अनुमतिपत्र वा दफा १४ बमोजिम प्रदान गरिने उत्खनन अनुमतिपत्र सम्झनुपर्छ।

(ख) "अन्वेषण" भन्नाले खानी तथा खनिज पदार्थ पत्ता लगाउन गरिने खोज, अध्ययन, जाँच गर्ने कार्य वा खनिज पदार्थको प्रकार, गुणस्तर वा परिमाण निर्धारण गर्न गरिने खोजतलास वा सम्भाव्यता अध्ययन वा यस्तै प्रकारको जाँच सम्बन्धी कार्य सम्झनुपर्छ।

(ग) "अनुमतिपत्र जारी गर्ने निकाय" भन्नाले उत्खनन अनुमतिपत्रको हकमा विभाग र अन्वेषण अनुमतिपत्रको हकमा सम्बन्धित प्रदेशको कानूनबमोजिम त्यस्तो कार्य गर्ने अधिकार प्राप्त निकाय सम्झनुपर्छ र सो शब्दले यस ऐनबमोजिम नेपाल सरकारबाट अन्वेषण तथा व्यवस्थापन गर्ने भनी निर्धारण भएका खनिज पदार्थको अन्वेषण अनुमतिपत्रको लागि विभाग र प्रदेश सरकार वा स्थानीय तहबाट उत्खनन हुने गरी निर्धारण भएका खनिज पदार्थको उत्खनन अनुमतिपत्रको लागि प्रदेश र स्थानीय तहको कानूनबमोजिम त्यस्तो कार्य गर्न अधिकार प्राप्त निकायलाई समेत जनाउँछ।

(घ) "उत्खनन" भन्नाले खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण तथा प्रशोधन सम्बन्धी कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्तो प्रयोजनको लागि खनिज पदार्थको ढुवानी, सञ्चय तथा बिक्री वितरण गर्ने कार्यलाई समेत जनाउँछ।

(ङ) "उत्खनन क्षेत्र" भन्नाले खनिज पदार्थको उत्खनन कार्य गर्न निर्धारण गरिएको क्षेत्र र त्यस्तो क्षेत्रभित्र बनाइएको खाल्डो, सुरुङ्ग वा अन्य यस्तै प्रकृतिको संरचना सम्झनुपर्छ।

(च) "कम्पनी" भन्नाले प्रचलित कानूनबमोजिम संस्थापना भएको कम्पनी सम्झनुपर्छ।

(छ) "खनिज कार्य" भन्नाले खनिज पदार्थको अन्वेषण वा उत्खनन गर्ने कार्य सम्झनुपर्छ।

(ज) "खनिज पदार्थ" भन्नाले जमिनको सतह वा भू-गर्भभित्र पाइने पेट्रोलियम र ग्यासजन्य पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्त्वको रासायनिक सम्मिश्रणयुक्त अजैविक पदार्थ सम्झनुपर्छ।

(झ) "खनिज क्षेत्र" भन्नाले दफा ८ बमोजिम घोषणा भएको खनिज क्षेत्र सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ट) "निरीक्षक" भन्नाले दफा २७ को उपदफा (१) बमोजिम खटिएको कर्मचारी सम्झनुपर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनुपर्छ।

(ड) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनुपर्छ।

(ढ) "रेडियोधर्मी खनिज पदार्थ (रेडियोएक्टिभ मिनरल)" भन्नाले अल्फाकण, बिटाकण वा गामा रे जस्ता विकिरण पैदा गर्ने प्राकृतिक रूपमा वा युरेनियम वा थोरियमको श्रृङ्खलाबद्ध क्षयीकरण प्रक्रियाद्वारा बनेको पदार्थ समावेश रहेको धातु खनिज सम्झनुपर्छ।

(ण) "विभाग" भन्नाले खानी तथा भू-गर्भ विभाग सम्झनुपर्छ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२
## खनिज सम्बन्धी अधिकार तथा खनिजको वर्गीकरण

३. **सरकारी सम्पत्ति हुने** : नेपालभित्र निजी, सामुदायिक, सरकारी वा सार्वजनिक स्वामित्वमा रहेको जुनसुकै प्रकारको जमिनको सतह वा भू-गर्भभित्र रहेको वा पाइएको प्राकृतिक अवस्थामा रहेको खनिज पदार्थ सरकारी सम्पत्ति हुनेछ।

४. **अन्वेषण गर्ने अधिकार** : (१) खानी तथा खनिज पदार्थको अन्वेषण गर्ने अधिकार प्रदेश कानूनबमोजिम हुनेछ।

(२) दुई वा दुईभन्दा बढी प्रदेशको भू-भागमा फैलिएको खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धित प्रदेश सरकारको आपसी सहमतिमा हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्नको लागि सम्बन्धित प्रदेश सरकारले आपसी सहमतिमा नेपाल सरकारलाई अनुरोध गरेमा वा विवाद सृजना भई सहमति हुन नसकेको भनी सम्बन्धित प्रदेश

सरकारले नेपाल सरकारसमक्ष अनुरोध गरेमा त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषण विभागमार्फत हुनेछ।

(४) कुनै खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी कार्यमा विशेष प्रविधि तथा सीप आवश्यक पर्ने वा त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषण अनुमतिपत्र निश्चित समयको लागि विभागबाट नै जारी गर्न सम्बन्धित प्रदेश सरकारबाट अनुरोध भई आएमा त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी कार्य विभागले गर्न सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खनिज पदार्थको अन्वेषण सम्बन्धी कार्य विभागमार्फत गर्न सक्नेछ।

५. **उत्खनन गर्ने अधिकार** : (१) खानी तथा खनिज पदार्थको उत्खनन गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि विभाग आफैंले वा कम्पनीलाई अनुमति प्रदान गरी खानी तथा खनिज पदार्थको उत्खनन गर्न वा गराउन सक्नेछ।

(३) नेपाल सरकारलाई खानी तथा खनिज पदार्थको उत्खनन कार्यमा पुँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको खानी तथा खनिज पदार्थको उत्खनन सम्बन्धी कार्य प्रदेश सरकार तथा स्थानीय तहले गर्न वा गराउन सक्नेछन्।

(५) खानी तथा खनिज पदार्थको उत्खनन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **खानी तथा खनिज पदार्थको संरक्षण** : (१) आफ्नो भौगोलिक क्षेत्रभित्र रहेको खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "संरक्षण" भन्नाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गरिने अन्वेषण वा उत्खनन कार्यलाई बाधा नपर्नेगरी गरिने खानी तथा खनिज पदार्थको रेखदेख सम्बन्धी कार्य सम्झनुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको खानी तथा खनिज पदार्थको संरक्षण नेपाल सरकारले गर्नेछ।

(३) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थ** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खनिज पदार्थको प्रयोग, उपलब्धता तथा राष्ट्रिय हित समेतको आधारमा रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थ घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खनिज पदार्थको घोषणा गर्दा नेपाल सरकारले त्यस्तो खनिज पदार्थको भण्डारण, संरक्षण, प्रयोग, ढुवानी तथा निकासी सम्बन्धमा आवश्यक सर्त तोक्न वा बन्देज लगाउन वा त्यस्तो खनिज पदार्थ रहेको क्षेत्रमा कुनै खास कार्य गर्न वा गराउन निषेध गर्न सक्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थको हकमा आवश्यक प्रक्रिया निर्धारण गरी खनिज कार्य गर्ने वा गराउने अधिकार नेपाल सरकारलाई हुनेछ।

(४) सामरिक महत्त्वको खनिज पदार्थको खनिज कार्य कुनै कम्पनीमार्फत गराउनुपर्ने भएमा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनीमार्फत गराउनु पर्नेछ।

८. **खनिज क्षेत्रको घोषणा** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खनिज पदार्थ रहेको क्षेत्रको चार किल्ला खुलाई खनिज क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको खनिज क्षेत्रमा खनिज कार्य बाहेकका सार्वजनिक प्रयोजनका अन्य कार्य गर्नुपर्ने भएमा नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको खनिज क्षेत्रभित्र रहेको कुनै व्यक्तिको निजी घर जग्गा आवश्यक परेमा नेपाल सरकारले प्रचलित कानूनबमोजिम प्राप्त गर्न सक्नेछ।

(४) प्रदेश सरकारले कुनै खनिज पदार्थ रहेको क्षेत्रलाई उपदफा (१) बमोजिम खनिज क्षेत्र घोषणा गर्नुपर्ने भएमा सो क्षेत्रको चार किल्ला खुलाई नेपाल सरकारसमक्ष अनुरोध गरी पठाउनु पर्नेछ र त्यसरी अनुरोध भई आएमा नेपाल सरकारले त्यस्तो क्षेत्रलाई खनिज क्षेत्र घोषणा गर्न सक्नेछ।

९. **खनिज पदार्थको वर्गीकरण** : यस ऐनको प्रयोजनको लागि खनिज पदार्थलाई अनुसूची-१ बमोजिम वर्गिकरण गरिएको छ।

१०. **खनिज पदार्थको स्तर** : (१) यस ऐनको प्रयोजनको लागि दैनिक उत्पादनको आधारमा धातु तथा अधातु खनिज पदार्थ सम्बन्धी खनिज कार्यलाई अति सानास्तर, सानास्तर, मझौलास्तर र ठूलास्तर गरी अनुसूची-२ बमोजिम स्तर विभाजन गरिएको छ।

(२) खनिज पदार्थ उत्खननको अनुमतिपत्रको स्तरअनुसार अनुमतिपत्र दस्तुर अनुसूची-३ बमोजिम हुनेछ।

## परिच्छेद-३
## अनुमतिपत्र

११. **अनुमतिपत्र लिनुपर्ने** : (१) यस ऐनबमोजिम खानी तथा खनिज पदार्थको अन्वेषण वा उत्खनन गर्न चाहने कम्पनीले अनुमतिपत्र जारी गर्ने निकायबाट अन्वेषण अनुमतिपत्र वा उत्खनन अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र जारी गर्ने निकायले अन्वेषण अनुमतिपत्र वा उत्खनन अनुमतिपत्र जारी गर्दा दोहोरो नपर्नेगरी जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो स्वामित्वको जमिनमा रहेको साधारण निर्माणमुखी ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट आफ्नो निजी प्रयोजनको लागि सङ्कलन वा उपयोग गर्दा यस ऐनबमोजिमको अनुमतिपत्र लिनु पर्नेछैन।

१२. **<u>अन्वेषण अनुमतिपत्र</u>** : (१) खनिज पदार्थको अन्वेषण अनुमतिपत्र लिन चाहने कम्पनीले सम्बन्धित प्रदेश कानूनबमोजिम अन्वेषण अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३), (४) र (५) बमोजिम अन्वेषण हुने खनिज पदार्थको अन्वेषण अनुमतिपत्र लिन चाहने कम्पनीले तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर विभागले आवश्यक जाँचबुझ गर्दा अनुमतिपत्र प्रदान गर्न मनासिव देखिएमा अनुसूची-३ बमोजिमको दस्तुर लिई अन्वेषण अनुमतिपत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिने अन्वेषण अनुमतिपत्रको ढाँचा, क्षेत्रफल, अनुमतिपत्र लिन चाहने कम्पनीको प्राविधिक तथा आर्थिक योग्यता, अन्वेषणको अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सुविधा, सहुलियत तथा अधिकतम अन्वेषण अनुमतिपत्रको संख्या सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१३. **<u>अन्वेषण अनुमतिपत्रको अवधि</u>** : (१) अनुसूची-१ मा उल्लिखित बहुमूल्य खनिज, महत्त्वपूर्ण खनिज र सामान्य खनिज पदार्थको अन्वेषण अनुमतिपत्रको अवधि यस ऐनको अधीनमा रही क्रमशः तीन वर्ष, दुई वर्ष र एक वर्षको हुनेछ।

तर यो ऐन प्रारम्भ हुनु अघि विभागबाट जारी भएका खोजतलास अनुमतिपत्रलाई यस ऐनबमोजिमको अन्वेषण अनुमतिपत्र मानिनेछ र त्यस्तो अनुमतिपत्रको अवधि सोही अनुमतिपत्रमा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित अवधिभित्र अन्वेषण कार्य सम्पन्न गर्न नसकिने भएमा अन्वेषण अनुमतिपत्रप्राप्त कम्पनीले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा पैंतालीस दिन अगावै म्याद थप गर्नुपर्ने औचित्य पुष्टि हुने कागजात सहित अनुमतिपत्र जारी गर्ने निकायमा अन्वेषण अवधि थपको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने निकायले खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, अन्वेषण प्रविधि तथा कार्य प्रगति समेतको आधारमा आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा अनुसूची-३ बमोजिमको अवधि थप दस्तुर लिई एक पटकको लागि अन्वेषण अनुमतिपत्रको अवधि एक वर्ष थप गर्न सक्नेछ।

१४. **<u>उत्खनन अनुमतिपत्र</u>** : (१) दफा १२ बमोजिम अन्वेषण अनुमतिपत्र प्राप्त गरेको कम्पनीले अन्वेषण सम्बन्धी कार्य सम्पन्न भई गुणस्तर तथा परिमाण यकिन भइसकेको खनिज पदार्थको उत्खनन

अनुमतिपत्र लिन चाहेमा देहायका कागजात तथा विवरण संलग्न गरी अन्वेषण अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा पैंतालिस दिन अगावै विभागबाट अन्वेषण अनुमतिपत्र प्राप्त गरेकाको हकमा विभागमा र सो बाहेक अन्यको हकमा सम्बन्धित प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायमा उत्खनन अनुमतिपत्रको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) तोकिएको ढाँचामा उत्खनन कार्य योजना,

(ख) तोकिएको आर्थिक तथा प्राविधिक योग्यता खुल्ने कागजात, र

(ग) विभागले तोकेका अन्य आवश्यक कागजात तथा विवरण।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा विभाग वा प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायले निवेदनसाथ संलग्न हुनुपर्ने कागजात तथा विवरण रहे नरहेको यकिन गरी संलग्न नरहेकोमा त्यस्तो कागजात तथा विवरण संलग्न गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेशको अन्वेषण अनुमतिपत्र जारी गर्ने निकायमा प्राप्त निवेदन उपर त्यस्तो निकायले उपदफा (२) बमोजिम कागजात तथा विवरण यकिन गरी उक्त निवेदन र विवरण सहितका कागजात अन्वेषण अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै उत्खनन अनुमतिपत्रका लागि विभागमा पठाउनुपर्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गर्नेछ।

(५) उपदफा (१) वा (३) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजात तथा विवरणका आधारमा विभागले उत्खनन कार्ययोजना स्वीकृत गरी प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भएमा सो समेत स्वीकृत गराई खनिज क्षेत्रको आकार तथा क्षेत्रफल र खनिज कार्यको स्तरको आधारमा अवधि तोकी त्यस्तो कम्पनीलाई अनुसूची-३ बमोजिमको उत्खनन कार्यको लागि लाग्ने अनुमतिपत्र दस्तुर लिई उत्खनन अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(६) उत्खनन अनुमतिपत्रको ढाँचा, क्षेत्रफल तथा अनुमति प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त, सेवा तथा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(७) उपदफा (५) बमोजिम उत्खनन अनुमतिपत्र प्राप्त कम्पनीले पालना गर्नुपर्ने सर्त निर्धारण गर्दा खनिज पदार्थको प्रकृति, परिमाण, खनिज कार्यको लागि आवश्यक प्रविधि तथा लगानीको प्रक्षेपणको आधारमा फरक फरक व्यवस्था गर्न सकिनेछ।

(८) यस दफा बमोजिम उत्खनन अनुमतिपत्रका लागि निवेदन प्राप्त भए पछि विभागबाट उत्खनन अनुमतिपत्र जारी नभएसम्मको अवधिको लागि अन्वेषण अनुमतिपत्रको अवधि एक पटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्षका लागि अनुसूची-३ बमोजिमको अवधि थप दस्तुर लिई तोकिएको ढाँचामा अस्थायी अवधि कायम गरेको निस्सा प्रदान गर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम प्रदेश सरकार वा स्थानीय तहबाट उत्खनन हुने खानी तथा खनिज पदार्थको उत्खनन अनुमतिपत्रको लागि सम्बन्धित प्रदेश वा स्थानीय तहको कानूनले तोकेको निकायमा निवेदन दिनु पर्नेछ।

**१५.** **उत्खनन अनुमतिपत्रको अवधि** : (१) अनुसूची-२ बमोजिमका अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको उत्खनन अनुमतिपत्रको अवधि यस ऐनको अधीनमा रही क्रमशः दस वर्ष, पन्ध्र वर्ष, बीस वर्ष र तीस वर्षको हुनेछ।

तर यो ऐन प्रारम्भ हुनुअघि विभागबाट जारी भएका उत्खनन अनुमतिपत्रको अवधि सोही अनुमतिपत्रमा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र उत्खनन कार्य सम्पन्न गर्न नसकिने भई अवधि थप गर्नुपर्ने भएमा उत्खनन अनुमतिपत्र प्राप्त कम्पनीले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै म्याद थप गर्नु पर्नाको औचित्य पुष्टि हुने प्राविधिक प्रतिवेदन सहित तोकिएको ढाँचामा अनुमतिपत्र जारी गर्ने निकायमा अवधि थपको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा अनुसूची-३ बमोजिमको अवधि थप दस्तुर लिई अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको उत्खनन अनुमतिपत्रको अवधि एक पटकको लागि क्रमशः दुई वर्ष, तीन वर्ष, पाँच वर्ष र सात वर्षको लागि थप गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको अवधिभित्र उत्खनन कार्य गर्दासमेत उत्खनन अनुमतिपत्र जारी भएको क्षेत्रमा खनिज पदार्थको भण्डारण बाँकी रहने भई सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले थप उत्खनन गर्न चाहेमा अनुमतिपत्रको अवधि सकिनु भन्दा एक वर्ष अगावै उत्खनन कार्ययोजना सहित दफा १४ बमोजिम पुनः निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम थप उत्खनन कार्यको लागि निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने निकायले नयाँ उत्खनन अनुमतिपत्र जारी नभएसम्मको अवधिको लागि उत्खनन अनुमतिपत्रको अवधि एक पटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्षका लागि अनुसूची-३ बमोजिमको अवधि थप दस्तुर लिई तोकिएको ढाँचामा अस्थायी अवधि कायम गरेको निस्सा प्रदान गर्नेछ।

**१६.** **सम्झौता गरी अन्वेषण अनुमतिपत्र दिनसक्ने** : (१) विभागले अन्वेषण गरी पत्ता लगाएको जुनसुकै खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि त्यस्तो खानी तथा खनिज पदार्थको अन्वेषणमा लागेको प्रत्यक्ष खर्चको खुद वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी तोकिएबमोजिम प्राविधिक तथा आर्थिक रूपमा योग्य कम्पनीहरू मध्ये सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी अनुसूची-३ बमोजिमको अन्वेषण अनुमतिपत्र दस्तुर लिई दफा १२ बमोजिम अन्वेषण अनुमतिपत्र जारी गर्न सक्नेछ।

तर यस दफा बमोजिम जारी हुने अन्वेषण अनुमतिपत्रको अवधि एक वर्ष मात्र हुनेछ र सो अवधिभित्र दफा १४ बमोजिम उत्खनन अनुमतिपत्रका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा त्यस्तो खनिज पदार्थको उत्खननमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले लगानी गर्ने भएमा त्यस्तो लगानीको अंश तथा त्यसबाट प्राप्त गर्ने प्रतिफल सम्बन्धमासमेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हुने खनिज कार्य सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१७. **<u>अनुमतिपत्रको नवीकरण</u>** : (१) अनुमतिपत्र नवीकरणको लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालिस दिनभित्र अनुसूची-३ बमोजिमको नवीकरण दस्तुर र अनुसूची-४ बमोजिमको भू-बहाल बुझाएको निस्सा संलग्न गरी अनुमतिपत्र जारी गर्ने निकायमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन नसक्ने कम्पनीले नवीकरण दस्तुरको दोब्बर दस्तुर बुझाई थप पन्ध्र दिनभित्र अनुमतिपत्र नवीकरणका लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन उपर अनुमतिपत्र जारी गर्ने निकायले आवश्यक जाँचबुझ गरी कार्तिक मसान्तभित्र त्यस्तो कम्पनीको अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) अनुमतिपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१८. **<u>अनुमतिपत्र रद्द गर्नसक्ने</u>** : (१) देहायको कुनै अवस्थामा अनुमतिपत्र जारी गर्ने निकायले अनुमतिपत्र रद्द गर्न सक्नेछ :-

(क) कम्पनीले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा,

(ख) अनुमतिपत्रको अवधि समाप्त भएमा,

(ग) दफा १९ बमोजिमको अवधिभित्र खनिज कार्य प्रारम्भ नगरेमा,

(घ) यस ऐनबमोजिम अनुमतिप्राप्त कम्पनीले तिर्नु वा बुझाउनुपर्ने रोयल्टी, शुल्क वा दस्तुर तोकिएको समयभित्र नबुझाएमा,

(ङ) दफा २९ बमोजिम अनुमतिपत्र जारी गर्ने निकायमा तोकिएको अवधिभित्र प्रतिवेदन पेस नगरेमा वा पेस गरेको प्रतिवेदनमा गलत विवरण उल्लेख गरी सरकारी हानि-नोक्सानी पुऱ्याएमा,

(च) कम्पनीले अनुमतिपत्रमा तोकिएका सर्तको पालना नगरेमा वा उल्लङ्घन गरी खनिज कार्य गरेमा,

(छ) दफा १७ बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा, वा

(ज) दफा २५ को उपदफा (६) बमोजिम खनिज कार्य बन्द भएमा।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द गर्नुअघि अनुमतिपत्र जारी गर्ने निकायले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

तर उपदफा (१) को खण्ड (क), (ख) वा (छ) बमोजिमको अवस्थामा अनुमतिपत्र रद्द गर्दा सफाइ पेस गर्ने मौका दिनु पर्नेछैन।

## परिच्छेद-४
## <u>खनिज कार्य सञ्चालन</u>

१९. **खनिज कार्य सञ्चालन** : (१) अनुमतिपत्रप्राप्त कम्पनीले अन्वेषण अनुमतिपत्र प्राप्त गरेको मितिले छ महिनाभित्र अन्वेषण कार्य सुरु गर्नु पर्नेछ र उत्खनन अनुमतिपत्र प्राप्त गरेको मितिले दुई वर्षभित्र उत्खनन कार्य सुरु गर्नु पर्नेछ।

(२) अनुमतिपत्रप्राप्त कम्पनीले उपदफा (१) बमोजिमको अवधिभित्र खनिज कार्य सुरु गर्न नसक्ने भएमा सोको आधार र कारण खुलाई आवश्यक प्रमाण कागज सहित अवधि समाप्त हुनुभन्दा नब्बे दिन अगावै अवधि थपको लागि अनुमतिपत्र जारी गर्ने निकायमा निवेदन दिन सक्नेछ।

(३) अनुमतिपत्र जारी गर्ने निकायले उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा अन्वेषण कार्यको लागि छ महिना र उत्खनन कार्यको लागि एक पटकमा छ महिनामा नबढाई बढिमा एक बर्ष अवधि थप गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उत्खनन कार्यका लागि अन्य सरकारी निकायको स्वीकृति प्राप्त गर्नुपर्ने अवस्था भई सो बमोजिमको स्वीकृति प्राप्त नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र उत्खनन कार्य सञ्चालन हुन नसकेको व्यहोरा खुलाई अनुमतिपत्र प्राप्त कम्पनीले निवेदन दिएमा अनुमतिपत्र जारी गर्ने निकायले व्यहोरा मनासिव देखेमा उपदफा (३) बमोजिमको अवधिमा थप एक वर्ष उत्खनन कार्य सुरु गर्नुपर्ने अवधि थप गर्न सक्नेछ।

२०. **निषेधित क्षेत्र घोषणा गर्नसक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्व, पारिस्थितिकीय प्रणाली वा जैविक विविधता संरक्षणको दृष्टिले संवेदनशील मानिएको कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ।

२१. **जग्गा प्रयोग गर्ने वा जग्गा प्राप्त गर्नसक्ने** : (१) दफा २० बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक खनिज कार्य गर्न अनुमतिपत्रप्राप्त कम्पनीले खनिज कार्यको लागि निजी वा सरकारी जग्गामा अस्थायी वा स्थायी रूपमा त्यस्तो जग्गा प्रयोग वा प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्रयोग वा प्राप्त गर्दा नेपाल सरकारको भए प्रचलित कानूनबमोजिम र निजी स्वामित्वको भए जग्गाधनीको मञ्जूरीनामा प्राप्त गरी वा खरिद गरी प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त हुन नसकेमा प्रचलित कानूनबमोजिम अनुमतिपत्र प्राप्त कम्पनीको खर्चमा नेपाल सरकारले जग्गा प्राप्त गराई दिन वा भू-बहालमा दिलाई दिन सक्नेछ।

(४) खनिज कार्य गर्दा निजी जग्गा वा बालीनाली लगायत सम्पत्तिमा क्षति पुगेमा आपसी सहमतिमा अनुमतिपत्र प्राप्त कम्पनीले सम्बन्धित व्यक्तिलाई उचित क्षतिपूर्ति दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी र सम्बन्धित व्यक्तिबीच आपसी सहमति हुन नसकेमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निर्धारण गरेबमोजिम त्यस्तो कम्पनीले क्षतिको क्षतिपूर्ति दिनु पर्नेछ।

२२. **छुट्टै अनुमतिपत्र लिनुपर्ने** : (१) अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा अनुमतिपत्रप्राप्त कम्पनीले सोको जानकारी अनुमतिपत्र जारी गर्ने निकायलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पत्ता लागेको खनिज पदार्थको अन्वेषण अनुमतिपत्रको लागि प्राविधिक प्रतिवेदन सहित सो खनिज पदार्थ पत्ता लागेको तीस दिनभित्र अनुमतिपत्र जारी गर्ने निकायमा निवेदन दिनु पर्नेछ र अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो खनिज पदार्थको सम्बन्धमा खनिज कार्य गर्न सम्बन्धित कम्पनीलाई दफा १२ बमोजिम छुट्टै अन्वेषण अनुमतिपत्र दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको अन्वेषण अनुमतिपत्र बमोजिम अन्वेषण कार्य गर्दा त्यस्तो खनिज पदार्थको गुणस्तर र परिमाण यकिन भई सम्बन्धित कम्पनीले सो खनिज पदार्थको समेत उत्खनन गर्न चाहेमा त्यस्तो कम्पनीलाई दफा १४ बमोजिम छुट्टै उत्खनन अनुमतिपत्र दिन सकिनेछ।

२३. **सहउत्पादन वा उपउत्पादन बिक्री** : (१) अनुमतिपत्रप्राप्त कम्पनीले उत्खनन कार्य गर्दा प्राप्त हुने कुनै सहउत्पादन वा उपउत्पादनको बिक्री गर्न सक्नेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि,-

(१) "सहउत्पादन" भन्नाले अनुमतिपत्र प्राप्त खनिज उत्खनन् गर्दा उत्खनन् हुने-मुख्य खनिज बाहेकको अर्को खनिज पदार्थ सम्झनुपर्छ।

(२) "उपउत्पादन" भन्नाले जुन खनिज पदार्थको उत्खनन गरिएको हो सोही खनिजको अवयव (वेष्ट मटेरियल) सम्झनुपर्छ।

(२) सहउत्पादन वा उपउत्पादन हुने खनिज पदार्थको विवरण उत्खनन कार्य योजनामा उल्लेख गर्नु पर्नेछ।

(३) अनुमतिपत्रप्राप्त खनिज पदार्थको सहउत्पादन वा उपउत्पादन हो वा होइन भन्ने कुराको निर्धारण अनुमतिपत्र जारी गर्ने निकायले गर्नेछ।

(४) सहउत्पादन वा उपउत्पादन हुने खनिज पदार्थको लागि अनुमतिपत्र प्राप्त कम्पनीले दफा २२ बमोजिमको छुट्टै अनुमतिपत्र लिनु पर्नेछैन।

२४. **वातावरण संरक्षण सम्बन्धी कानूनको पालना गर्नु पर्ने** : (१) यस ऐनबमोजिम अनुमतिपत्रप्राप्त कम्पनीले खनिज कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनको पालना गरी गर्नु पर्नेछ।

(२) खनिज कार्यको क्रममा वातावरणमा परेको वा पर्नसक्ने उल्लेखनीय प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित अनुमतिप्राप्त कम्पनीको हुनेछ।

(३) यस दफाबमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा अनुमतिपत्र जारी गर्ने निकायले आवश्यकताअनुसार अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

२५. **खनिज कार्य रोक्न आदेश दिनसक्ने** : (१) यस ऐनबमोजिम खनिज कार्यको निरीक्षण गर्दा देहायको अवस्था देखिएमा अनुमतिपत्र जारी गर्ने निकायले खनिज कार्य तत्काल रोक्न अनुमतिपत्र प्राप्त कम्पनीलाई आदेश दिन सक्नेछ :-

(क) स्वीकृत उत्खनन क्षेत्रभन्दा अन्य क्षेत्रमा उत्खनन कार्य गरेमा,

(ख) अनुमतिपत्र जारी गर्दा तोकिएका सर्तहरूको पालना नगरेमा,

(ग) खनिज कार्यबाट सर्वसाधारण जनताको जीउ-ज्यान, सम्पत्ति र स्वास्थ्यमा हानि-नोक्सानी हुनसक्ने देखिएमा,

(घ) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन विपरीत खनिज कार्य गरेमा वा भू-क्षयको जोखिम देखिएमा, वा

(ङ) कुनै संवेदनशील भौतिक संरचना (भाइटल इन्स्टलेशन) मा हानि-नोक्सानी हुने देखिएमा।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएपछि सम्बन्धित कम्पनीले खनिज कार्य तत्काल रोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खनिज कार्य रोक्ने आदेश भएपछि अनुमतिपत्र जारी गर्ने निकायले सम्बन्धित विषयका विज्ञसमेतको टोली खटाई आवश्यक जाँचबुझ गरी गराई सो सम्बन्धी प्राविधिक प्रतिवेदन लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्राविधिक प्रतिवेदनबाट सम्बन्धित कम्पनीले खनिज कार्य गर्दा पालना गर्नु पर्ने सर्तहरू पालना नगरेको कारणबाट उपदफा (१) मा उल्लिखित अवस्था उत्पन्न भएको पाइएमा अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो हानि-नोक्सानी, क्षति वा जोखिम रोक्ने सम्बन्धमा आवश्यक कार्य गर्न सम्बन्धित कम्पनीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेश अनुसार अनुमतिपत्र प्राप्त कम्पनीले त्यस्तो हानि-नोक्सानी, क्षति वा जोखिम रोक्न आवश्यक कार्य गरेको देखिएमा अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो खनिज कार्यको रोक्का फुकुवा गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको जाँचबुझबाट खनिज कार्य जारी राख्न उपयुक्त नभएको भन्ने प्रतिवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने निकायले सो प्रतिवेदन समेतका आधारमा सम्बन्धित कम्पनीलाई जानकारी दिई त्यस्तो खनिज कार्य बन्द गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम खनिज कार्य बन्द गर्नुअघि अनुमतिपत्र जारी गर्ने निकायले सम्बन्धित कम्पनीलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) अनुमतिपत्र जारी गर्ने निकाय आफैले खनिज कार्य गर्दा उपदफा (१) बमोजिमको अवस्था उत्पन्न हुनसक्ने भएमा त्यस्तो खनिज कार्य रोकी यस दफा बमोजिम आवश्यक जाँचबुझ गरी वा गराई

सोको आधारमा त्यस्तो हानि-नोक्सानी, क्षति वा जोखिम रोक्ने सम्बन्धमा आवश्यक कार्य गरेपछि मात्र त्यस्तो खनिज कार्य सुचारु गर्नु पर्नेछ।

२६. **<u>रोक लगाउनसक्ने</u>** : राष्ट्रिय सुरक्षा र हित प्रतिकूल हुने वा आन्तरिक मागको व्यवस्थापन गर्न कठिनाई उत्पन्न हुने अवस्था भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित अवधिको लागि कुनै खनिज पदार्थको निकासी वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ।

२७. **<u>निरीक्षक खटाउनसक्ने</u>** : (१) यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम खनिज कार्य भए नभएको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्न विभागले आवश्यक सङ्ख्यामा निरीक्षक खटाउन सक्नेछ।

(२) निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२८. **<u>समन्वय गर्नुपर्ने</u>** : (१) यस ऐनबमोजिम नेपाल सरकारले खनिज कार्य सञ्चालन गर्दा खनिज क्षेत्र रहेको प्रदेश सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्न सक्नेछ।

(२) प्रदेश सरकारले खनिज कार्य सञ्चालन गर्दा खनिज क्षेत्र रहेको स्थानीय तह तथा नेपाल सरकारको सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

(३) स्थानीय तहले खनिज कार्य सञ्चालन गर्दा सम्बन्धित प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

(४) निरीक्षकले प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गत सञ्चालित खनिज कार्यको निरीक्षण गर्दा सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहको खानी तथा खनिज पदार्थ सम्बन्धी विषय हेर्ने निकाय वा कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

२९. **<u>जानकारी वा प्रतिवेदन पेस गर्नुपर्ने</u>** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले दफा १९ बमोजिम अन्वेषण कार्य सुरु गरेको जानकारी सात दिनभित्र र उत्खनन कार्य सुरु हुनुपूर्व सो विषयको जानकारी गराई उत्खनन् कार्य सुरु गरेको मितिले तीस दिनभित्र सोको प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा दिनु पर्नेछ।

(२) खनिज कार्यको अनुमतिपत्र प्राप्त कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालिस दिनभित्र खनिज कार्य सम्बन्धी वार्षिक प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ।

(३) उत्खनन् अनुमतिपत्र प्राप्त कम्पनीले खनिज कार्य सम्पन्न भएको एक वर्षभित्र स्वीकृत कार्ययोजनाबमोजिम उत्खनन क्षेत्रको भौतिक पुनर्स्थापना गरी त्यस्तो खनिज कार्यको सम्बन्धमा एकीकृत अन्तिम प्रतिवेदन अनुमतिपत्र जारी गर्ने निकायमा पेस गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको अवधिभित्र वार्षिक प्रतिवेदन पेस नगरेमा अनुमतिपत्रको नवीकरण रोक्का र तोकिएको अवधि भित्र एकीकृत अन्तिम प्रतिवेदन पेस नगरेमा अनुमतिपत्र जारी गर्ने निकायले अनुमतिपत्र जारी गर्दा राखिएको धरौटी रोक्का गर्न सक्नेछ।

तर एकीकृत अन्तिम प्रतिवेदन बुझाउनुपर्ने अवधि गुज्रेको छ महिनाभित्र समेत प्रतिवेदन नबुझाएमा अनुमति पत्र जारी गर्दा राखेको धरौटी अनुमतिपत्र जारी गर्ने निकायले जफत गर्नेछ।

(५) अनुमतिपत्र प्राप्त कम्पनीले यस दफाबमोजिम दिने जानकारी वा पेस गर्ने प्रतिवेदनको ढाँचा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५
## रेडियोधर्मी खनिज पदार्थको खनिज कार्य

३०. **रेडियोधर्मी खनिज पदार्थको खनिज कार्यको अधिकार** : (१) रेडियोधर्मी खनिज पदार्थको खनिज कार्य गर्ने अधिकार नेपाल सरकारको हुनेछ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिमको खनिज कार्य विभाग वा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनीमार्फत गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको खनिज कार्यको लागि यस ऐनबमोजिम विभागबाट अनुमतिपत्र लिनु अघि रेडियोधर्मी पदार्थ नियमन सम्बन्धी प्रचलित कानून बमोजिमको निकायबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) रेडियोधर्मी खनिज पदार्थको नियमन सम्बन्धी अन्य व्यवस्था तत्सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।

३१. **सर्त तथा मापदण्ड तोक्नसक्ने** : (१) अनुमतिपत्रप्राप्त कम्पनीले दफा ३० बमोजिम खनिज कार्य गर्दा प्रचलित कानूनबमोजिम रेडियोधर्मी खनिज पदार्थको सम्बन्धमा पालना गर्नुपर्ने सर्तको अतिरिक्त विभागले देहायका विषयमा आवश्यक सर्त तथा मापदण्ड तोक्न सक्नेछ :-

(क) विकिरणको सम्भावना र सम्भावित प्रदूषणको प्रकृति, परिणाम सम्बन्धी सुरक्षा,

(ख) रेडियोधर्मी विकिरण र सोको उचित सुरक्षात्मक प्रबन्ध सम्बन्धी ज्ञान, अनुभव तथा असल अभ्यासका सम्बन्धमा जानकार विज्ञ तथा कर्मचारीहरूको व्यवस्था,

(ग) रेडियोधर्मी खनिज कार्यस्थलको सुरक्षा,

(घ) रेडियोधर्मी खनिज कार्यबाट पर्ने वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) जनस्वास्थ्य,

(च) क्षतिपूर्ति तथा बीमाको व्यवस्था,

(छ) रेडियोधर्मी खनिजको सुरक्षित ओसारपसार,

(ज) रेडियोधर्मी फोहोरको व्यवस्थापन, र

(झ) रेडियोधर्मी पदार्थ सम्बन्धी अन्य आवश्यक सर्तहरू।

(२) उपदफा (१) बमोजिम तोकिएका सर्त तथा मापदण्डको पालना गर्नु अनुमतिपत्रप्राप्त कम्पनीको कर्तव्य हुनेछ।

३२. **<u>जानकारी दिनुपर्ने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खनिज कार्य गर्दा रणनीतिक वा सामरिक महत्त्वको खनिज पदार्थ वा रेडियोधर्मी खनिज पदार्थ फेला परेमा त्यस्तो खनिज पदार्थको सम्बन्धमा सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीले विभागलाई तुरुन्त जानकारी दिनु पर्नेछ र विभागले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीसँग समन्वय गरी त्यस्तो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिनुपर्ने भए लिई सोको जानकारी तुरुन्त मन्त्रालयमा दिनु पर्नेछ।

## परिच्छेद-६
## <u>भौगर्भिक सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान</u>

३३. **<u>भौगर्भिक सर्वेक्षण, भूकम्पमापन तथा अनुसन्धान</u>** : (१) नेपालको भौगर्भिक अवस्था, प्राकृतिक प्रकोप तथा भू-वातावरणीय जोखिमको अध्ययन अनुसन्धान गर्ने सम्बन्धमा विभागले देहाय बमोजिमको कार्य गर्नेछ।

(क) भौगर्भिक, भू-भौतिक तथा भू-रसायनिक सर्वेक्षण, भू-इञ्जिनियरिङ् तथा वातावरणीय भू-विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) प्राथमिकता प्राप्त क्षेत्रको भौगर्भिक, भू-प्रकोप जोखिम र भू-इञ्जिनियरिङ् तथा वातावरणीय भू-विज्ञान सम्बन्धी नक्सा तयार गरी प्रकाशन गर्ने, र

(ग) भौगर्भिक सर्वेक्षण, भूकम्पमापन तथा अनुसन्धान कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय र सहकार्य गर्ने।

(२) भूकम्पीय अध्ययनका लगि विभाग अन्तर्गत एक भूकम्प मापन तथा अनुसन्धान केन्द्र रहनेछ।

(३) उपदफा (२) बमोजिमको केन्द्रले देहायका कार्य गर्नेछः-

(क) भूकम्प गए पश्चात यथाशीघ्र सो भूकम्पको केन्द्रबिन्दू र मान निर्धारण तथा सूचना प्रवाह गर्ने,

(ख) भूकम्पीय प्रकोप न्यूनीकरण तथा त्यस्ता प्रकोपको मूल्याङ्कन गर्न भूकम्पीय तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गर्ने,

(ग) भूकम्पीय तथ्याङ्कमा आधारित इन्टेन्सिटी, इपिसेन्टर तथा भूकम्पीय जोखिम नक्शा बनाई भूकम्प जोखिम तथा सम्वेदनशील क्षेत्रको पहिचान गर्ने,

(घ) भूकम्पको आधारमा भूकम्प प्रकोपबाट क्षति हुनसक्ने देखिएका क्षेत्रहरूमा बनाइने संरचनाहरूको जोखिम न्यूनीकरणको लागि आवश्यक पर्ने तथ्याङ्कउपलब्ध गराउने,

(ङ) सुरक्षित पूर्वाधार निर्माण कार्य लगायत भवन निर्माण संहिताको लागि आवश्यक पर्ने भूकम्पीय तथ्याङ्क उपलब्ध गराउने,

(च) भू-सतहमा हुने सञ्चित शक्तिको परिवर्तन, भू-व्यस्थापन, क्रियाशील भ्रंश (एक्टिभ फल्ट), ऐतिहासिक तथा प्रागः ऐतिहासिक ठूला भूकम्पको अध्ययन तथा अनुसन्धान गरी ठूला भूकम्प उत्पन्न गर्नसक्ने भ्रंश तथा ठूला भूकम्प पुनरावृत्ति हुनसक्ने विषयको अध्ययन तथा पहिचान गरी नक्साङ्कन गर्ने, र

(छ) भूकम्प सम्बन्धी पूर्व सङ्केतहरूको अध्ययन अनुसन्धान गर्ने एवम् पूर्व सूचना प्रणालीको विकास गर्ने।

(४) भौगर्भिक सर्वेक्षण, खनिज सर्वेक्षण, भूकम्प मापन तथा अनुसन्धान सम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुनेछ।

३४. **भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण प्रयोगशाला** : (१) नेपाल सरकारले भौगर्भिक अध्ययन र खनिज अन्वेषण कार्यलाई सहयोग पुऱ्याउन विभागमा राष्ट्रियस्तरको एक भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण प्रयोगशाला स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाले कुनै व्यक्ति, कम्पनी वा संस्थालाई भौगर्भिक सर्वेक्षण तथा खनिज परीक्षण सेवा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको भौगर्भिक अनुसन्धान तथा खनिज परीक्षण सम्बन्धी प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको सेवा प्रदान गर्दा लाग्ने सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३५. **राय परामर्श प्रदान गर्नसक्ने** : नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट राय परामर्श माग भएका भौगर्भिक विषयमा विभागले राय परामर्श प्रदान गर्न सक्नेछ।

३६. **पूर्व स्वीकृति लिनुपर्ने** : (१) कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायले नेपालको कुनै भूभागमा अध्ययन अनुसन्धानका लागि भौगर्भिक सर्भेक्षण वा खनिज सर्वेक्षण वा भूकम्पीय अध्ययन वा कुनै यन्त्र उपकरण जडान गर्न चाहेमा अनुसुची-३ बमोजिमको पूर्व स्वीकृति दस्तुर सहित पूर्व स्वीकृतिका लागि विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकलाई स्वीकृति प्रदान गर्न मनासिव देखिएमा विभागले आवश्यक सर्त तोकी स्वीकृति दिनेछ।

(३) कसैले यस दफा विपरीत कुनै कार्य गरेमा विभागले त्यस्तो कार्यमा रोक लगाउन वा सो कार्यमा प्रयोग भएको औजार उपकरण कब्जामा लिन वा जफत गर्न सक्नेछ।

३७. **नमूना परीक्षण गर्नसक्ने** : (१) यस ऐनबमोजिम कसैले अन्वेषण, उत्खनन, भौगर्भिक सर्भेक्षण, अध्ययन वा अनुसन्धानको क्रममा जमीनको सतह वा भू-गर्भबाट कुनै वस्तु वा पदार्थको नमूना सङ्कलन गर्न र सोको परीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलित नमूना प्रयोगशाला परीक्षण कार्यको लागि विदेश लैजानुपर्ने भएमा अनुसूची-३ बमोजिमको नमूना निकासी दस्तुर लिई विभागले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखि पठाएको नमूना परीक्षण प्रतिवेदन प्राप्त भएको तीस दिनभित्र विभागमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-७
## कसूर र सजाय

३८. **जरिबाना गर्नसक्ने** : (१) अनुमतिपत्र प्राप्त कम्पनीले उत्खनन कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित वार्षिक परिमाणभन्दा बढी परिमाणमा खनिज पदार्थको उत्खनन गरेमा वा उत्खनन गरेको वास्तविक परिमाण लुकाई कम उत्खनन गरेको भनी झुट्टो विवरण पेस गरेमा महानिर्देशकले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई बढी परिमाणमा उत्खनन गरेको वा वास्तविक उत्खनन गरेको भन्दा कम देखिएको खनिज पदार्थको परिमाणको बिगो असुल गरी बिगो बराबर जरिबाना र बिगो कायम हुन नसक्नेमा एक लाख रूपैयाँ देखि दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) निरीक्षकको काम कारबाहीमा बाधा वा अवरोध गरेमा त्यस्तो व्यक्तिलाई निरीक्षकले तत्काल दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) दफा २५ को उपदफा (१) को खण्ड (क) बमोजिम स्वीकृत उत्खनन क्षेत्रभन्दा अन्य क्षेत्रमा उत्खनन कार्य गरेमा महानिर्देशकले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई त्यसरी उत्खनन गरेको खनिज पदार्थको बिगो असुल गरी बिगो रकम बराबरको जरिबाना र बिगो कायम हुन नसक्नेमा पाँच लाख रूपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) दफा २६ बमोजिम रोक लगाएको खनिज पदार्थको निकासी, उत्खनन, ओसारपसार वा बिक्री वितरण गर्ने व्यक्ति वा संस्थालाई महानिर्देशकले बिगो कायम भएकोमा बिगो असुल गरी बिगो बराबरको जरिबाना र बिगो कायम नभएकोमा दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना गरी त्यस्तो कार्यमा प्रयोग भएको सामान जफत गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको तोकिएको रोयल्टी दरको दश गुणा बराबरको रकम र उपदफा (३) र (४) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको तोकिएको रोयल्टी दरको पन्ध्र गुणा बराबरको रकम बिगो वापत कायम गर्नु पर्नेछ।

(६) दफा २५ को उपदफा (१) वा (४) बमोजिम दिएको आदेशको पालना नगरेमा महानिर्देशकले सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई पाँचलाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(७) यस ऐनबमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा अवरोध गरेमा वा यस ऐन विपरीत अन्य कुनै काम गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई महानिर्देशकले दुई लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) यस दफाबमोजिम गरिएको जरिबाना रकम सम्बन्धित व्यक्ति, संस्था वा कम्पनीबाट सरकारी बाँकी सरह असुल गरिनेछ।

(९) यस दफाबमोजिम महानिर्देशकबाट भएको जरिबाना सम्बन्धी निर्णयको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(१०) प्रदेश र स्थानीय तहमा क्षेत्राधिकार रहेको खनिज पदार्थको हकमा कारबाही तथा जरिबाना सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनबमोजिम हुनेछ।

३९. **सफाइको लागि सूचना दिनुपर्ने** : (१) दफा ३८ बमोजिम कुनै व्यक्ति, संस्था वा कम्पनीलाई जरिबाना गर्नुअघि महानिर्देशकले सम्बन्धित पक्षलाई निजले गरेको यस ऐन विपरीतको कार्य र त्यस बापत प्रस्तावित जरिबानासमेत उल्लेख गरी आफ्नो सफाइ पेस गर्न पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित पक्षले महानिर्देशकसमक्ष लिखित रूपमा सफाइ पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र सफाइ पेस नगरेमा वा उपदफा (२) बमोजिम पेस गरेको सफाइ चित्त बुझ्दो नभएमा महानिर्देशकले त्यस्तो व्यक्ति, संस्था वा कम्पनीलाई दफा ३८ बमोजिम जरिबाना गरी जरिबाना बापतको रकम दाखिला गर्न लगाउनेछ।

(४) दफा ३८ बमोजिम जरिबाना गर्नु अघि महानिर्देशकले कुनै विषयमा थप अनुसन्धान वा जाँचबुझ गर्न आवश्यक देखेमा निरीक्षक वा सम्बन्धित विषयको विज्ञ टोली बनाई त्यस्तो थप अनुसन्धान वा जाँचबुझ गराउन सक्नेछ।

४०. **कसूर र सजाय** : (१) कसैले यस ऐनबमोजिम अनुमतिपत्र नलिई कुनै खनिज पदार्थको अन्वेषण वा उत्खनन गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) विपरीत खनिज कार्य गर्ने वा गराउने व्यक्तिलाई महानिर्देशकले अन्वेषण कार्यको हकमा पाँच लाख रूपैयाँसम्म जरिबाना र उत्खनन कार्यको हकमा खनिज पदार्थको प्रकृति तथा परिमाणको आधारमा त्यसरी उत्खनन गरेको खनिज पदार्थको बिगो कायम हुन सक्नेमा बिगो कायम गरी बिगो तथा बिगो रकम बराबरको जरिबाना र बिगो कायम हुन नसक्नेमा पच्चिस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम बिगो कायम गर्दा सम्बन्धित खनिज पदार्थको तोकिएको रोयल्टी दरको पचास गुणा बराबरको रकम बिगो कायम गर्नु पर्नेछ।

(४) दफा ३० विपरीत खनिज कार्य गरे वा गराएमा सो गर्ने वा गराउने व्यक्तिलाई पाँच लाख रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिबाना र पाँच वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनेछ।

४१. **यन्त्र, उपकरण तथा अन्य वस्तु जफत हुने** : (१) यस ऐन विपरीत खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार, अन्य मालसामान, नमूना र सो सम्बन्धी विवरण, कागजात तथा उत्खनन गरिएको खनिज पदार्थसमेत जफत हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको खनिज कार्यसँग सम्बन्धित विवरण तथा कागजात बाहेकको यन्त्र, उपकरण, औजार, मालसामान, नमूना तथा उत्खनन गरिएको खनिज पदार्थको व्यवस्थापन प्रचलित कानूनबमोजिम हुनेछ।

४२. **नेपाल सरकार वादी हुने** : दफा ४० को उपदफा (४) अन्तर्गतको मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसूची-१ मा समावेश भएको मानिनेछ।

४३. **क्षतिपूर्ति भराउने** : (१) यस ऐनबमोजिम खनिज कार्य गर्दा वा दफा ४० बमोजिम कसूर हुने कुनै कार्यबाट कसैको निजी सम्पत्तिमा क्षति पुगेमा सम्बन्धित व्यक्तिले तीस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदकको व्यहोरा मनासिब देखिएमा प्रमुख जिल्ला अधिकारीले क्षतिको मूल्याङ्कन गरी गराई निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र अनुमतिपत्र जारी गर्ने निकायमा क्षतिपूर्ति भराईदिन लेखी पठाउन सक्नेछ र सो अनुमतिपत्र जारी गर्ने निकायले तीस दिनभित्र सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीबाट त्यस्तो क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति भराइदिनु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त कम्पनीलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र क्षतिपूर्ति नदिएमा वा निर्धारित क्षतिपूर्तिमा चित्त नबुझेमा सम्बन्धित पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४४. **पुनरावेदन** : यस ऐनबमोजिम महानिर्देशकले गरेको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-८
## विविध

४५. **भौगर्भिक नक्सा प्रकाशन** : (१) भौगर्भिक नक्सा प्रकाशनको अधिकार विभागमा रहनेछ।

(२) प्रचलित कानूनबमोजिम अन्तर सरकारी निकायसँगको सहकार्य वा विश्वविद्यालय वा प्राज्ञिक वा अनुसन्धानमूलक संस्थाबाट अध्ययन अनुसन्धानका क्रममा भौगर्भिक नक्सा प्रकाशन गर्दा विभागलाई जानकारी दिनु पर्नेछ।

(३) विभागले प्रकाशन गरेको भौगर्भिक नक्शा तथा तथ्याङ्क तोकिएको शुल्क लिई विभागले विक्री वितरण गर्न सक्नेछ।

४६. **स्वामित्व वा नाम परिवर्तन** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम अनुमतिपत्रप्राप्त कम्पनीले आफ्नो कम्पनीको सेयर वा स्वामित्व बिक्री वा कुनै तरिकाले कसैलाई हस्तान्तरण गर्न चाहेमा वा त्यस्तो कम्पनीको नाम परिवर्तन गर्न चाहेमा अनुमतिपत्र जारी गर्ने निकायको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र जारी गर्ने निकायबाट पूर्व स्वीकृति लिनु अघि कम्पनीले प्रचलित कानूनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै निकायलाई तिर्नु बुझाउनु पर्ने रोयल्टी, भू-बहाल, कर, शुल्क, दस्तुर वा अन्य कुनै दायित्व भए सो बुझाएको हुनु पर्नेछ।

४७. **नामसारी गर्नसकिने** : (१) कम्पनीले आफ्नो नाममा जारी भएको अनुमतिपत्र तोकिएको प्राविधिक तथा आर्थिक रूपमा योग्य कम्पनीको नाममा नामसारी गर्न चाहेमा अनुमतिपत्र जारी गर्ने निकायले अनुसूची-३ बमोजिमको नामसारी दस्तुर लिई नामसारी गरिदिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र जारी भएको एक वर्ष भित्र कुनैपनि अनुमतिपत्र नामसारी हुने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी हुनुभन्दा अघि व्यक्तिका नाममा जारी भएको अनुमतिपत्र यो ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र सम्बन्धित व्यक्ति शेयरधनी रहेको कम्पनीको नाममा कायम गर्न निवेदन गरेमा विभागले एक पटकका लागि नामसारी दस्तुर नलिई त्यस्तो अनुमतिपत्रको नामसारी गरिदिन सक्नेछ।

(४) अनुमतिपत्रको नामसारी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४८. **अनुगमन गर्ने** : (१) यस ऐनबमोजिम खनिज कार्य भए वा नभएको सम्बन्धमा अनुमतिपत्र जारी गर्ने निकायले अनुगमन गर्न वा गराउन सक्नेछ।

(२) अनुगमन सम्बन्धी अन्य व्यबस्था तोकिएबमोजिम हुनेछ।

४९. **अध्ययन गराउन सक्ने** : नेपाल सरकारले कुनै खनिज पदार्थको अन्वेषण, उत्खनन तथा भण्डारण सम्बन्धमा कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय परामर्शदाताबाट अध्ययन गराउन सक्नेछ।

५०. **भू–बहाल बुझाउनु पर्ने** : अनुमतिपत्रप्राप्त कम्पनीले खनिज कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित क्षेत्रभित्र पर्ने जग्गाको प्रत्येक आर्थिक बर्षको लागि भू–बहाल बुझाउनु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त कम्पनीले अन्वेषण चरणबाट उत्खनन चरणमा जाँदा आर्थिक वर्षलाई आधारमानी भू-बहाल हिसाब गरिनेछ र बार्षिक भू-वहाल निर्धारण गर्दा क्षेत्रफल वर्ग किलोमिटरमा गणना हुनेछ।

(३) यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त कम्पनीले बुझाउनु पर्ने जग्गाको भू-बहालको दर अनुसूची-४ मा व्यवस्था भएबमोजिम हुनेछ।

(४) अनुमतिपत्र प्राप्त कम्पनीलाई यस ऐनको दफा २२ बमोजिम छुट्टै अनुमतिपत्र जारी भएमा त्यस्तो क्षेत्रमा दोहोरो पर्नेगरी भू-बहाल बुझाउनु पर्नेछैन।

५१. **धरौटी राख्नुपर्ने** : यस ऐनबमोजिम खनिज कार्यको अनुमतिपत्र प्राप्त गर्न कम्पनीले अनुसूची-३ बमोजिमको धरौटी राख्नु पर्नेछ।

५२. **रोयल्टी र स्थानीय खनिज उपयोग शुल्क बुझाउनुपर्ने** : (१) उत्खनन क्षेत्रबाट उत्खनित खनिज पदार्थ निकासी गर्नुपूर्व परिमाण यकिन गरी सम्बन्धित प्रदेश, स्थानीय तह र वडासमेत खुलाई अनुमतिपत्रप्राप्त

कम्पनीले उत्खनन अनुमतिपत्र जारी गर्ने निकायमा खनिज पदार्थको प्रकार र गुणस्तरको आधारमा अनुसूची-५ बमोजिमको दरमा रोयल्टी बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रोयल्टीको दश प्रतिशतले हुन आउने रकम स्थानीय खनिज उपयोग शुल्क वापत सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(३) नेपाल सरकारले कम्तीमा पाँच बर्षमा रोयल्टी दर पुनरावलोकन गर्नेछ।

(४) रोयल्टी र स्थानीय खनिज उपयोग शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५३.** **<u>सुरक्षा व्यवस्था गर्ने</u>** : खानी तथा खनिज क्षेत्रको सुरक्षा व्यवस्था नेपाल सरकारले मिलाउनु पर्नेछ।

**५४.** **<u>विष्फोटक पदार्थ प्रयोग गर्नसक्ने</u>** : अनुमतिपत्रप्राप्त कम्पनीले खनिज कार्यको लागि चाहिने विष्फोटक पदार्थ प्रचलित कानूनबमोजिम पैठारी, सञ्चय, ओसार-पसार र प्रयोग गर्न सक्नेछ।

**५५.** **<u>सञ्चार उपकरण राख्नसक्ने</u>** : अनुमतिपत्रप्राप्त कम्पनीले प्रचलित कानूनबमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरण राख्न सक्नेछ।

**५६.** **<u>नेपाल सरकारको विशेष अधिकार</u>** : (१) नेपाल सरकारले राष्ट्रिय सुरक्षा वा राष्ट्रिय हितको लागि आवश्यक देखेमा तत्काल खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले खनिज कार्य गर्ने अनुमतिपत्र रद्द गर्दा अनुमतिपत्र प्राप्त कम्पनीलाई पर्न गएको प्रत्यक्ष हानिनोक्सानीको तोकिएबमोजिमको समितिबाट मूल्याङ्कन गराई क्षतिपूर्ति दिनु पर्नेछ।

**५७.** **<u>रोक्का राख्नसक्ने</u>** : (१) विभागले भौगर्भिक अध्ययन वा खनिज अन्वेषण कार्यका लागि कुनै क्षेत्र रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखिएको क्षेत्रमा प्रदेश वा स्थानीय तहले खनिज कार्यको अनुमतिपत्र जारी गर्न सक्ने छैन।

(३) उपदफा (१) बमोजिम कायम भएको रोक्का क्षेत्रलाई प्रत्येक दुई वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(४) रोक्का राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५८.** **<u>विवाद समाधान</u>** : (१) खनिज कार्यको सम्बन्धमा अनुमतिपत्र जारी गर्ने निकाय र अनुमतिपत्र प्राप्त कम्पनी बीच विवाद उत्पन्न भएमा सम्बन्धित पक्षलाई सुनुवाइको मौका दिई अनुमतिपत्र जारी गर्ने निकायले आवश्यक निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले सात दिनभित्र मन्त्रालयको सचिवसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

तर प्रदेश सरकार र स्थानीय तहको हकमा पुनरावलोकनको व्यवस्था सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको कानूनबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको  निवेदन सम्बन्धमा पन्ध्र दिनभित्र निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णयमा चित्त नबुझेमा सम्बन्धित पक्षले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**५९.** **छुट, सुविधा र सहुलियतको प्रत्याभूति** : यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त कम्पनीलाई त्यस्तो कम्पनी संस्थापना हुँदाका बखत प्रचलित कानूनबमोजिम खानी तथा खनिजन्य उद्योगको रूपमा प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई कम हुने गरी कुनै व्यवस्था गरिने छैन।

**६०.** **अनुसूचीमा हेरफेर गर्नसक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

**६१.** **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**६२.** **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने** :  नेपाल सरकारले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही खनिज कार्यको सम्बन्धमा आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

**६३.** **खारेजी र बचाउ** : (१) खानी तथा खनिज पदार्थ ऐन, २०४२ खारेज गरिएको छ।

(२) खानी तथा खनिज पदार्थ ऐन, २०४२ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

(दफा ९ र दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**खनिज पदार्थको वर्गीकरण**

१. खनिज पदार्थको प्रकृतिको आधारमा खनिज पदार्थको वर्गीकरणः-

(क) धातु खनिज

| | | |
|---|---|---|
| १. सुन | ११. निकल | २१. विस्मुथ |
| २. युरेनियम | १२. कोवाल्ट | २२. टिटानियम |
| ३. प्लाटिनम | १३. टिन | २३. आलुमिनियम |
| ४. थोरियम | १४. टङ्गस्टन | २४. फलाम |
| ५. लिथियम | १५. मलिब्डेनम | २५. मर्करी |
| ६. रेयर अर्थ इलिमेन्ट्स | १६. वेरिलियम | २६. पाइराईट |
| ७. जस्ता | १७. नायोवियम | २७. पोलीमेटल |
| ८. चाँदी | १८. टान्टालम | २८. अधातु खनिज पदार्थ वर्ग भित्र नपर्ने खनिज पदार्थहरू। |
| ९. सिसा | १९. क्रोमियम | |
| १०. तामा | २०. भ्यानाडियम | |

(ख) अधातु खनिजः

| | | |
|---|---|---|
| १. हिरा | १५. चुनढुङ्गा | २९. काओलिन (कमेरो माटो) |
| २. रुवी | १६. फोस्फोराईट | ३०. अभ्रख |
| ३. सफायर | १७. क्रिष्टल क्वार्ज | ३१. पत्थर कोइला |
| ४. इमरल्ड | १८. फेल्डस्पार | ३२. मट्टी कोइला |
| ५. कोरण्डम | १९. क्यालसाइट | ३३. मार्बल |
| ६. टोपाज | २०. डोलोमाइट | ३४. ग्रेनाइट |
| ७. टुर्मालिन | २१. फायर क्ले | ३५. साइनाइट |
| ८. गार्नेट | २२. ग्रेफाइट | ३६. एम्फिबोलाइट |
| ९. एकुमेरिन | २३. जिप्सम | ३७. औद्योगिक क्वार्जाइट (रक सिलिका) |
| १०. काइनाइट | २४. नुन | ३८. ब्लक स्टोन |
| ११. वेरिल | २५. ओकर (गेरु) | ३९. बक्साईट |
| १२. म्याग्नेसाइट | २६. साधारण औद्योगिक माटो | ४०. बेराईट |
| १३. खरी | २७. ल्याटेराईट (रातो माटो) | ४१. स्ल्याव स्टोन (स्लेट, क्वारजाईट, फिलाईट, सिस्ट, नाईस आदि) |

| | | |
|---|---|---|
| १४.प्राकृतिक (बायोजेनिक) ग्याँस | २८.औद्योगिक बालुवा (सिलिका स्याण्ड) | ४२. साधारण निर्माणमुखी खनिज (ढुंगा, बालुवा, गिट्टी, ग्राभेल, माटो र स्लेट) |

२. खनिज पदार्थको महत्त्वको आधारमा खनिज पदार्थको वर्गीकरणः-

(क) <u>बहुमूल्य खनिजः</u>

१. सुन २. प्लाटिनियम ३. किमती तथा अर्ध किमती पत्थर (हिरा, रुवी, सफायर, इमरल्ड, कोरण्डम) ४. रेयर अर्थ इलिमेन्ट्स ५. रेडियोधर्मी खनिज (युरेनियम, थोरियम)

(ख) <u>महत्त्वपूर्ण खनिजः</u>

| | | |
|---|---|---|
| १. जस्ता | १३. क्रोमियम | २२. फोस्फोराईट |
| २. चाँदी | १४. भ्यानाडियम | २३. फेल्डस्पार |
| ३. सिसा | १५. विस्मुथ | २४. क्यालसाइट |
| ४. तामा | १६. टिटानियम | २५. डोलोमाइट |
| ५. निकल | १७. लिथियम | २६. ग्रेफाइट |
| ६. कोवाल्ट | १८. किमति तथा अर्ध किमति पत्थर (टोपाज, टुर्मालिन, गार्नेट, एकुमेरिन, काइनाईट, वेरिल, क्रिष्टल क्वार्ज) | २७. जिप्सम |
| ७. टिन | | २८. आलुमिनियम |
| ८. टङ्गस्टन | | २९. फलाम |
| ९. मलिब्डेनम | | ३०. म्याग्नेसाईट |
| १०. बेरिलियम | १९. खरी | ३१. बेराईट |
| ११. नायोबियम | २०. प्राकृतिक (बायोजेनिक) ग्याँस | ३२. मर्करी |
| १२. टान्टालम | २१. चुनढुङ्गा | ३३. पाईराईट |
| | | ३४. पोलिमेटल |

(ग) <u>सामान्य खनिज</u> :

| | | |
|---|---|---|
| १. नुन | ९. अभ्रख | १७. ब्लक स्टोन (ग्रेनाईट, एम्फिबोलाईट, नाईस, मार्बल) |
| २. ओकर (गेरु) | १०. पत्थर कोइला | १८. स्ल्याब स्टोन (क्वार्जाइट, स्लेट, फिलाईट, सिस्ट, नाईस आदि) |
| ३. साधारण औद्योगिक माटो | ११. मट्टी कोइला | १९. साधारण निर्माणमुखी खनिज (ढुङ्गा, बालुवा, गिट्टी, |
| ४. ल्याटेराइट (रातोमाटो) | १२. मार्बल | |
| ५. फायर क्ले | १३. ग्रेनाइट | |

| | | |
|---|---|---|
| | | ग्राभेल, माटो र स्लेट) |
| | | २०. औद्योगिक (सिलिका स्याण्ड) |
| ६. बक्साइट | १४. साइनाइट | २१. बहुमूल्य खनिज र महत्त्वपूर्ण खनिज भित्र परेका खनिज पदार्थ बाहेकका अन्य खनिज पदार्थहरू। |
| ७. काओलिन (कमेरो माटो) | १५. एम्फिबोलाइट | |
| ८. खरी | १६. औद्योगिक क्वार्जाईट (रक सिलिका) | |

द्रष्टव्यः (१) यस अनुसूचीभित्र नपरेका खनिज पदार्थहरूको वर्ग विभागले तोके बमोजिम हुनेछ।

(२) पोलिमेटल भन्नाले दुई वा दुईभन्दा बढी धातु तत्वहरूको मिश्रण वा संयुक्त रूपमा पाइने धातुजन्य खनिज पदार्थ सम्झनुपर्छ। पोलिमेटल खनिजको हकमा अनुमति प्रदान गर्दा मुख्य धातुलाई आधार मानी अनुमति प्रदान गरिनेछ र अन्य धातुहरूलाई सहउत्पादन को रूपमा मान्यता दिइनेछ।

## अनुसूची-२

(दफा १०को उपदफा (१) र दफा १५ को उपदफा (१)सँग सम्बन्धित)

**खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर**

(क) **धातु खनिज पदार्थसँग सम्बन्धित कार्यको स्तर** : दैनिक उत्पादन क्षमताका आधारमा धातु खनिज कार्यको स्तर देहाय बमोजिम हुनेछ :-

| उत्खनन तरिका | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूला स्तर |
|---|---|---|---|---|
| (क) भूमिगत उत्खनन | १० टन सम्म | १०० टन सम्म | ५०० टन सम्म | ५०० टन भन्दा बढी |
| (ख) सतही उत्खनन | २५ टन सम्म | २५० टन सम्म | १,००० टन सम्म | १,००० टन भन्दा बढी |

(ख) **अधातु खनिज पदार्थसँग सम्बन्धित कार्यको स्तर** : दैनिक उत्पादन क्षमताका आधारमा अधातु खनिज कार्यको स्तर देहाय बमोजिम हुनेछ :-

| खनिज पदार्थ | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूला स्तर |
|---|---|---|---|---|
| १. ब्लक स्टोन (ग्रेनाईट, एम्फिबोलाईट, नाईस, मार्बल, क्वार्जाईट, स्लेट, स्लाब स्टोन) | १० घन मि. सम्म | २५ घन मि. सम्म | ५० घन मि. सम्म | ५० घन मि. भन्दा बढी |
| २. साधारण निर्माणमुखी ढुङ्गा, रोडा, वालुवा, ग्राभेल | १० घन मि. सम्म | २५ घन मि. सम्म | ५० घन मि. सम्म | ५० घन मि. भन्दा बढी |
| ३. प्राकृतिक बायोजेनिक ग्यास | २,५०० घन मि. सम्म | २५,००० घन मि. सम्म | १,००,००० घन मि. सम्म | १,००,००० घन मि. भन्दा बढी |

| | | | | |
|---|---|---|---|---|
| ४. माथी उल्लिखित बाहेक अन्य अधातु खनिज पदार्थको- | | | | |
| (क)भूमिगत उत्खनन | १० टन सम्म | १०० टन सम्म | ५०० टन सम्म | ५०० टन भन्दा बढी |
| (ख)सतही उत्खनन | १०० टन सम्म | १००० टन सम्म | २००० टन सम्म | २००० टन भन्दा बढी |

## अनुसूची-३

(दफा १० को उपदफा (२), दफा १२ को उपदफा (३), दफा १३ को उपदफा (३), दफा १४ को उपदफा (५) र (८), दफा १५ को उपदफा (३) र (५), दफा १६ को उपदफा (१), दफा १७ को उपदफा (१), दफा ३६ को उपदफा (१), दफा ३७ को उपदफा (२), दफा ४७ को उपदफा (१) र दफा ५१ सँग सम्बन्धित)

## दस्तुर र धरौटी

**(क) अन्वेषण कार्यको लागि-**

(रकम रुपैयाँमा)

| विवरण | बहुमूल्य खनिज | महत्त्वपूर्ण खनिज | सामान्य खनिज |
|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | १,५०,०००।- | १,००,०००।- | ५०,०००।- |
| (२) नविकरण दस्तुर | ७५,०००।- | ५०,०००।- | २५,०००।- |
| (३) अवधि थप दस्तुर | ३,००,०००।- | २,००,०००।- | १,००,०००।- |
| (४) नामसारी दस्तुर | ७,५०,०००।- | ५,००,०००।- | २,५०,०००।- |
| (५) धरौटी | ६,००,०००।- | ४,००,०००।- | २,००,०००।- |
| (६) अनुमतिपत्र प्रतिलिपि दस्तुर | १,०००।- | १,०००।- | १,०००।- |

**(ख) उत्खनन कार्यको लागि-**

(रकम रुपैयाँमा)

| विवरण | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूला स्तर |
|---|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | १,५०,०००।- | २,५०,०००।- | ३,५०,०००।- | ५,००,०००।- |
| (२) नविकरण दस्तुर | ७५,०००।- | १,२५,०००।- | १,७५,०००।- | २,५०,०००।- |
| (३) अवधि थप दस्तुर | ३,००,०००।- | ५,००,०००।- | ७,००,०००।- | १०,००,०००।- |
| (४) नामसारी दस्तुर | ६,००,०००।- | १०,००,०००।- | १४,००,०००।- | २०,००,०००।- |
| (५) धरौटी | ६,००,०००।- | १०,००,०००।- | १४,००,०००।- | २०,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| (६) अनुमतिपत्र प्रतिलिपि दस्तुर | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- |

**(ग) नमूना निकासी दस्तुरः**

निकासी दस्तुर रु.५,०००।- तथा अनुसूची-५ बमोजिम खनिजको रोयल्टी।

**(घ) पूर्व स्वीकृति दस्तुरः**

पूर्व स्वीकृति दस्तुर रु.१,०००।-

## अनुसूची-४
### (दफा १७ को उपदफा (१) र दफा ५० को उपदफा (३) सँग सम्बन्धित)
### वार्षिक भूबहाल

१. पहिलो आर्थिक वर्षको लागि प्रति वर्गकिलोमिटर दश हजार रूपैयाँका दरले।
२. दोस्रो आर्थिक वर्षको लागि प्रति वर्गकिलोमिटर बिस हजार रूपैयाँका दरले।
३. तेस्रो आर्थिक वर्षको लागि प्रति वर्गकिलोमिटर तिस हजार रूपैयाँका दरले।
४. चौथो आर्थिक वर्षको लागि प्रति वर्गकिलोमिटर चालिस हजार रूपैयाँका दरले।
५. पाँचौं आर्थिक वर्षको लागि प्रति वर्गकिलोमिटर पचास हजार रूपैयाँका दरले।
६. छैठौं आर्थिक वर्ष वा सोभन्दा पछिको लागी प्रति वर्गकिलोमिटर साठी हजार रूपैयाँका दरले।

द्रष्टव्यः

अनुमति प्राप्त कम्पनीलाई बार्षिक भूवहाल निर्धारण गर्दा क्षेत्रफल वर्ग किलोमिटरमा गणना गरिनेछ र क्षेत्रफल गणना गर्दा वर्ग किलोमिटरको कुनै अंश भएमा त्यस्तो अंशलाई पूर्ण एक वर्ग किलोमिटर मानी निकटतम माथिल्लो पूर्ण अंकका आधारमा भूवहाल निर्धारण गरिनेछ।

## अनुसूची-५
### (दफा ५२ को उपदफा (१) सँग सम्बन्धित)
### रोयल्टी दर

| खनिज पदार्थको वर्ग | खनिज पदार्थको नाम | रोयल्टी दर (रकम रुपैयाँमा) प्रति उल्लिखित इकाई |
|---|---|---|
| १. धातु | १. सुन | १,०००।- प्रति ग्राम (धातु) |
| | २. चाँदी | १०,०००।- प्रति के.जी. (धातु) |
| | ३. तामा | ५००।- प्रति टन (धाउ) |
| | ४. जस्ता | १५।- प्रति के.जी. (धातु) |
| | ५. शिशा | १५।- प्रति के.जी. (धातु) |
| | ६. फलाम | २००।- प्रति टन (धाउ) |
| | ७. पाईराईट | २५०।- प्रति टन (धाउ) |
| | ८. मर्करी | १,०००।- प्रति के.जी. (धातु) |
| २. अधातु | १. चुनढुङ्गा | ७५।- प्रति टन |
| | २. क्यालसाइट | ७५।- प्रति टन |
| | ३. खरी | १२५।- प्रति टन |
| | ४. फेल्डस्पार | १५०।- प्रति टन |
| | ५. नुन | १०।- प्रति टन |
| | ६. क्वार्ज (क्रिस्टल)<br>(१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | १००।- प्रति के.जी.<br>२००।- प्रति टन |
| | ७. बक्साईट | १००।- प्रति टन |
| | ८. म्याग्नेसाइट | १००।- प्रति टन |
| | ९. डोलोमाइट | ६५।- प्रति टन |
| | १०. फोस्फोराईट | ७५।- प्रति टन |
| | ११. ग्रेफाईट | ५००।- प्रति टन |
| | १२. बेराईट | २५०।- प्रति टन |
| | १३. कोरण्डम (रुवी, सफायर, इमरल्ड)<br>(१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | २५,०००।- प्रति के.जी<br>१,५००।- प्रति टन |
| | १४. एक्युमेरिन, बेरिल<br>(१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | १५,०००।- प्रति के.जी<br>२,५००।- प्रति टन |
| | १५. टुर्मालिन | १०,०००।- प्रति के.जी |

| | | |
|---|---|---|
| | (१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | २,५०० ।- प्रति टन |
| | १६. गार्नेट<br>(१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | ५,००० ।- प्रति के.जी<br>१,००० ।- प्रति टन |
| | १७. काइनाइट<br>(१) जेम्स स्तर<br>(२) औद्योगिक स्तर | १०,००० ।- प्रति के.जी<br>२,५०० ।- प्रति टन |
| | १८. अभ्रख | १००० ।- प्रति टन |
| | १९. इन्धन<br>(१) पत्थर कोइला<br>(२) मट्टी कोइला<br>(३) प्राकृतिक बायोजेनिक ग्याँस | २०० ।- प्रति टन<br>५० ।- प्रति टन<br>५ ।- प्रति घनमिटर |
| | २०. ड्रेस ब्लक - ब्लक स्टोन (ग्रेनाइट, एम्फिबोलाइट, मार्बल, नाईस आदि) | २,००० ।- प्रति घनमिटर |
| | २१. औद्योगिक क्वारजाईट (रक सिलिका) | १०० ।- प्रति टन |
| | २२. औद्योगिक वालुवा (सिलिका स्याण्ड) | २५० ।- प्रति घनमिटर |
| | २३. माटो<br>(१) साधारण औद्योगिक माटो<br>(२) काओलिन (कमेरो माटो)<br>(३) ल्याटेराईट (रातो माटो)<br>(४) ओकर (गेरु)<br>(५) फायर क्ले | १०० ।- प्रति घनमिटर<br>१२५ ।- प्रति घनमिटर<br>१२५ ।- प्रति घनमिटर<br>१२५ ।- प्रति घनमिटर<br>१२५ ।- प्रति घनमिटर |
| | २४. साधारण निर्माण ढुङ्गा<br>(१) साधारण ढुङ्गा<br>(२) स्ल्याव स्टोन (क्वारजाईट, स्लेट, फिलाइट, सिस्ट, नाइस आदि)<br>(३) गिटी<br>(४) बालुवा<br>(५) ग्राभेल | १०० ।- प्रति घनमिटर<br>१०० ।- प्रति वर्ग मिटर<br>१०० ।- प्रति घनमिटर<br>१०० ।- प्रति घनमिटर<br>१०० ।- प्रति घनमिटर |

<u>द्रष्टव्य</u>ः- (१) धातु खनिज पदार्थको वर्गभित्र पर्ने अन्य खनिज पदार्थहरूको रोयल्टी दर कायम गर्दा धाउमा रहेको धातुको प्रतिशत तथा बजार मूल्यको आधारमा कायम गरिनेछ।

(२) यस अनुसूचीभित्र नपरेका अधातु खनिज पदार्थहरूको रोयल्टी दर कायम गर्दा प्रचलित बजार मूल्यको सरदर पाँच प्रतिशतका दरले विभागले कायम गर्नेछ।

(३) धातु खनिज पदार्थको वर्गभित्र पर्ने खनिज पदार्थलाई कन्सेन्ट्रेटको रूपमा बिक्री गरेमा कन्सेन्ट्रेटमा रहेको धातुको प्रतिशतको आधारमा रोयल्टी कायम गरिनेछ।

(४) स्लेट तथा स्ल्याब स्टोनको रोयल्टी गणना गर्दा अधिकतम मोटाई ३ सेन्टीमिटर कायम गरिनेछ।

(५) ग्रेनाईट, नाईस, मेटास्याण्डस्टोन, सिष्ट, मार्वल, फिलाईट, स्लेट, सेल, एम्फिबोलाईट, स्यान्डस्टोन, क्वार्जाईट, डोलोमाईट, डोलोमिटिक लाईमस्टोन, कङ्गलोमरेट आदि खनिज पदार्थलाई साधारण निर्माणमूखी खनिजको रूपमा अनुमतिपत्र जारी हुँदा वा उत्खनन कार्य गर्दा साधारण निर्माणमूखी खनिजको रूपमा सहउत्पादन तथा उप-उत्पादन हुने भएमा त्यस्ता खनिज पदार्थमा साधारण निर्माणमूखी खनिज सरह रोयल्टी दर लागु हुनेछ।